मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

आवश्यकता !
जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्जका लागि रात्रीकालीन प्राविधिक १ जना र समाचार वाचिका (संख्या-२) बजार व्यवस्थापक (संख्या-१) आवश्यकता भएकोले, सो कार्य गर्न इच्छुक तथा योग्य अनुभवी व्यक्ति छिट्टै सम्पर्क गर्नुहोला।
सम्पर्क:
जनक नन्दनी एफ.एम. ९५.५ मेगाहर्ज
जनकपुरधाम, भानु चौक
सम्पर्क : 9854028218

वर्ष ४ | अंक ०२ | २०८२ साल कार्तिक २५ गते मंगलबार | Tuesday 11, November 2025 | सूर्योदय: बिहान ०६:२२ बजे | सूर्यास्त: साँझ ५:१६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# राताराता नयाँ मुख्यमन्त्री

# सम्साँझै नयाँ प्रदेश प्रमुख



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

आइतबार मात्रै ७८ प्रदेश सभा सदस्यको ध्यानाकर्षण पत्र बुझेर राजनीतिक छलफलपछि एक–दुई दिनमा सरकार गठनका लागि आव्हान गर्ने बताएकी मधेश प्रदेश सरकारकी प्रदेश प्रमुख सुमित्रा भण्डारी पदमुक्त भएकी छिन् । उनले सोमबार बिहान बिरामी भएकाले उपचारका लागि काठमाडौँ जाने भनेर कामचलाउ मुख्यमन्त्री जितेन्द्र सोनलसँग बिदा लिएर महोत्तरीको होटलमा नयाँ मुख्यमन्त्री नियुक्ति र शपथ गराएपछि केन्द्र सरकारले उनलाई फेरि फर्केर जनकपुरधाम गइरहन नपर्ने बनाएको हो ।

मधेशमा सोमबार एकैदिन बिहानै नेकपा एमालेका सरोजकुमार यादव गृहजिल्ला महोत्तरी पुगेर मुख्यमन्त्री बनेका छन् साँझ सुरेन्द्र लाभ कर्ण काठमाडौँबाट मधेशका लागि नयाँ प्रदेश प्रमुखमा सिफारिस भएका छन् ।

मधेश प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता यादव नियुक्त भएका हुन् । मधेश प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि संविधानको धारा १ सय ६८ को उपधारा ३ बमोजिम एमाले संसदीय दलका नेता यादवलाई मुख्यमन्त्री नियुक्ति र शपथ भएको हो ।

संविधानको धारा १ सय ६८ को उपधारा २ अनुसार नियुक्त मुख्यमन्त्री जितेन्द्र सोनलले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि संविधानको धारा १ सय ६८ को उपधारा ३ अनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबैभन्दा ठूला दलको संसदीय दलको नेतालाई मुख्यमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ । सोही धाराअनुसार यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरिएको हो । उपधारा ३ मा टेकेर मधेश प्रदेशको मुख्यमन्त्रीमा राताराता नेकपा एमालेका यादव नियुक्त भए ।

बिरामी परेको भन्दै मधेश भवनबाट बाहिरिएकी मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले महोत्तरी र सिन्धुलीको सिमानामा पर्ने पानस होटलमा यादवलाई शपथ गराएकी हुन् । शपथ ग्रहण कार्यक्रममा नेकपा एमालेका नेताहरुको उपस्थिति थियो ।

आइतबार मात्र एमाले बाहेकका दलहरू नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम सरकार आह्वान गर्नका लागि प्रदेश प्रमुख कहाँ गएका थिए । प्रदेश प्रमुख भण्डारीले आफू छलफलमै रहेकाले सरकार गठन आह्वानमा दुई तीन दिन लाग्ने बताएकी थिइन् तर उनले राताराता यादवलाई नियुक्त गरेर जनकपुरधाम छाडेकी हुन् ।

पाँचदलका ५६ प्रदेश सभा सदस्यको समर्थनमा असोज २९ गते नियुक्त मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल)ले विश्वासको मत पाउने अवस्था नदेखेपछि शनिबार प्रदेशसभामै राजीनामा घोषणा गरेर राजीनामा प्रदेश प्रमुखलाई बुझाएका थिए । सोमबारको विकसित घटनाक्रमपछि सोनलले मधेशका जनतासँग धोका भएको भन्दै फेसबुकमा आपत्ति जनाएका छन् । उनले स्वास्थ्य उपचारको नाममा निस्केकी मधेश प्रदेशका प्रदेश प्रमुख भण्डारीले सिन्धुली र महोत्तरीको सिमानाको एउटा होटेलमा प्रदेशको अस्मिता समाप्त पार्ने खेल गरेको आरोप लगाए । त्यसैगरी लोसपाका कार्यकर्ताहरुले आइतबार रातभर प्रदेश प्रमुखको कार्यालय घेराउ गरेर नाराबाजी गरेका थिए । प्रदेश प्रमुख भण्डारीले आफ्नो कार्यालयमा शपथ नगराएर एउटा होटलमा गएर शपथ गराएपछि यसको आलोचना समेत भएको थियो । भण्डारी सिधै काठमाडौँ नलागी महोत्तरी र सिन्धुलीको सिमानामा पर्ने कालापानीमा रोकिइन् । त्यहाँ रहेको पानस कटेज एण्ड नेपाली चुलोमा बसेर एमाले संसदीय दलका नेता यादवलाई मुख्यमन्त्री नियुक्त गरिन् ।

भण्डारीले आफूखुसी नै गुपचुप यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी होइनन् । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीसँगको सल्लाह र परामर्शमै यादवलाई होटलमा शपथ गराएको एमालेकै नेताहरू बताउँछन् । भण्डारी अध्यक्ष ओलीकै जोडबलमा २०८० फागुन २९ गते प्रदेश प्रमुख नियुक्त भएकी थिइन् । भण्डारी ओलीकै गृहनगर झापा, दमककी हुन् । ६४ वर्षीया भण्डारीलाई ओलीले २०७८ वैशाखमा डेनमार्कको राजदूत प्रस्ताव गरेका थिए । तर उनी त्यतिबेला राजदूत बन्न पाइनन् ।

होटलमा शपथ गराउने गरी सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरिएकामा एमाले संसदीय दलभित्रै असन्तुष्टि चुलिएको छ । एमाले मधेश प्रदेशमा अन्तरविरोध छ । एमाले सचिव रघुवीर महासेठ, प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठ मुख्यमन्त्री बनेका यादवबीच अन्तरसंघर्ष पनि छ । जिल्ला अधिवेशनहरूमा त्यो प्रकट हुँदै आएको छ । मुख्यमन्त्री यादवका पक्षमा प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठ उभिएका छन् ।

उनीसहित नेकपा एमालेबाट लखन दास तत्मा, नेपाल संघीय समाजवादी पार्टीका बिमला अन्सारी र राप्रपाबाट कञ्चन बिच्छासमेत विनाविभागीय मन्त्रीका रुपमा शपथ लिएका थिए । प्रदेश प्रमुखको कार्यालय हुँदाहुँदै होटलमा यस किसिमको कार्यक्रम गरेर संघीयता बदनाम गराउने कार्य भएको भन्दै नेताहरुले आलोचना गरेका छन् । उनीहरुले प्रदेश प्रमुखको भूमिकाले संघीयता बदनाम भएको बताए । यता, प्रदेश प्रमुखको भूमिकालाई विभिन्न राजनितिक दलहरुले समेत आलोचना गरेका छन् । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले मधेशमा मुख्यमन्त्रीको गोप्य नियुक्तिलाई अनैतिकताको संज्ञा दिएका छन् ।

उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'मधेशमा मुख्यमन्त्रीको गोप्य नियुक्तिले फेरि एकपटक पुष्टि भयो कि वर्तमान संवैधानिक व्यवस्था असफल मात्र हैन अनैतिक राजनीतिक एवम् लुट–भ्रष्टाचारको ओढार हो ।' 'स्वास्थ्यमा समस्या छ, उपचारका लागि काठमाडौँ जाँदैछु' भनेर जनकपुरबाट राति अबेर हिँडेकी मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भन्डारीले सिन्धुली–महोत्तरीको सिमानाको एक होटलमा एमालेको एक प्रदेश सांसदलाई नयाँ मुख्यमन्त्रीका रूपमा शपथ ग्रहण गराएर देश, संविधान र प्रदेशको अस्मितालाई समाप्त पार्ने कार्य गरिन्,' राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनिष झाले सामाजिक सञ्जालमा लेखेका छन् ।

# जनकपुरधाम तनावग्रस्त



मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले सोमबार पदभार ग्रहण गर्ने कार्यक्रम सार्वजनिक भएसँगै जनकपुरधाम तनावग्रस्त बनेको थियो ।



दिनभर विरोध प्रदर्शन गर्दै तोडफोड गरेपछि मधेश प्रदेशको प्रशासनिक भवनमा तोडफोड र तनावपूर्ण अवस्था बनेको थियो ।

प्रदेश सभा सदस्यहरु बिहान मधेश भवनमा प्रवेश गर्न खोज्दा प्रहरीले रोकेको थियो ।



त्यसपछि लोसपाका प्रदेश सभा सदस्यहरुले प्रहरीमाथि हातपात गर्दै गालीगलौज गरेका थिए । भित्र प्रवेश गरेर विभिन्न मन्त्रालय खुलेपछि तालाबन्दी गर्दै मुख्यमन्त्री कार्यालयमा केही कर्मचारीमाथि हातपात समेत भएको थियो । नवनियुक्त मुख्यमन्त्री यादव मधेश भवन आउने खबरपछि सात दलका प्रतिनिधि तथा सांसद उनलाई रोक्न गेट अगाडि प्रदर्शनमा उत्रिएका थिए ।



आफ्ना कार्यकर्ताहरुलाई गेट बाहिर टायर बालेर विरोध प्रदर्शन गर्न निर्देशन दिएका थिए भने मधेश भवनभित्र प्रदेश सभा सदस्यहरुले विरोध, तोडफोड र तालाबन्दी गरेका थिए । उनीहरुले मधेश प्रदेश प्रमुखको कार्यालय अगाडि गरेको विरोध प्रदर्शनले उग्र रूप लिएको थियो । प्रदर्शनकारीहरूले गेटअगाडि राखिएका गमला तोडफोड गरेका थिए ।

प्रदर्शनक्रममा उनीहरूले 'प्रदेश प्रमुख राजीनामा दे', 'एमाले–देश छोड्', र 'एमालेको प्रदेश प्रमुख राजीनामा दे' जस्ता उत्तेजक नारा लगाएका थिए ।

यसैबीच, लोसपा प्रदेश संसदीय दलका नेता जेनुल राइनले मुख्यमन्त्री नियुक्तिमा प्रदेश प्रमुख भण्डारीको भूमिका शङ्कास्पद भएको आरोप लगाउँदै मुख्यमन्त्री नियुक्तिको राजनीतिक र कानूनी रुपमा प्रतिवाद गर्ने बताए ।

यता, जिल्ला प्रशासन कार्यालय धनुषाले संयमित भई विरोधका कार्यक्रम गर्न आग्रह गरिहेको, तनावको वातावरण अन्त्य गर्न अधिकतम प्रयास गरिरहेको र मानवीय तथा भौतिक क्षति हुन नदिन संयम अपनाइरहेको स्पष्ट गरेको छ ।

# प्रदेश प्रमुख भण्डारी पदमुक्त



सरकारले मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गर्ने राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले भण्डारीलाई पदमुक्त गर्ने राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

बैठकले मधेश प्रदेशको प्रदेश प्रमुखमा धनुषाका सुरेन्द्रलाल कर्णलाई नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको मन्त्री खरेलले जानकारी दिए । मधेशमा सत्ता राजनीतिको खेलमा प्रदेश प्रमुख सुवेदी विवादमा मुछिएपछि सरकारले उनलाई हटाउन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेको हो ।

लाभ राजनीतिक विश्लेषक र मधेश मामिलाका जानकार हुन् । उनले अर्थशास्त्रमा पीएचडी गरेका छन् । उनी २०७८ सालमा राष्ट्रिय योजना आयोगका सदस्यसमेत भएका थिए । उनले लामो समय जनकपुरस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पस(राराव) मा पनि प्राध्यापन गरेका थिए ।

### संविधानतः मुख्यमन्त्री भएको हुँः यादव

मधेश प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले आफू नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम नै मुख्यमन्त्रीमा नियुक्त भएको बताएका छन् । सञ्चारकर्मीसँग कुरा गर्दै आफू संविधानअनुसार नै नियुक्त भएको बताउँदै संविधान बलियो बनाउन र प्रदेशलाई सबल बनाउन आफ्नो नियुक्ति भएको बताए ।

विगतका मुख्यमन्त्रीहरुले विश्वासको मत प्राप्त गर्न नसकेपछि उत्पन्न भएको राजनीतिक अन्योलता हटाउन तथा संवैधानिक निकासका लागि आफू मुख्यमन्त्री नियुक्त भएको उनले दाबी गरे । प्रदेशको सबैभन्दा ठूलो राजनीतिक दल भएको र सबैभन्दा बढी प्रदेशमा सांसद भएको उल्लेख गर्दै प्रदेशको संवैधानिक सङ्कट समाधान गर्न नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम मुख्यमन्त्री भएको उनको दाबी थियो । मुख्यमन्त्री यादव महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ (क) बाट निर्वाचित हुन् । मन्दिर परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै मुख्यमन्त्री यादवले संघीयता–संघीयता भनेर चिच्याउनेहरूले नै संघीयता समाप्त गर्न खोजिरहेको आरोप लगाए ।

यादवले भने, 'हिजो मलाई नियुक्ति दिइसकेपछि शपथ ग्रहणका लागि बोलाउँदा लोसपाका सांसदरू प्रदेश प्रमुखको कार्यालयको गेटमै धर्ना बस्नुभएको थियो, शपथ खाने बेला किन झगडा गर्न जान्छु ? मलाई एउटा उपयुक्त वातावरण बनाइदिनुप¥यो भन्दा ल हुन्छ भन्दाभन्दै प्रदेश प्रमुखज्यू बिरामी पर्नुभो ।

मुख्यमन्त्री यादवले उपचारका लागि निस्किएँ भनेर फोन गर्नुभयो, तपाईंले नियुक्ति दिइसकेपछि शपथ पनि त खुवाउनुपर्छ, उभिएरै भए पनि शपथ खुवाएर जानुस्, एक मिनेट भए पनि शपथ खुवाएर जानुस् भनेर अनुरोध गरेको थिएँ ।' यादवले भने, 'उनले ल ठिक छ, तपाईं बर्दिबास आउनुस् भन्नुभयो, त्यसैले बर्दिबासमा शपथ खाएका हौँ । उहाँ बिरामी नै हुनुहुन्थ्यो । काठमाडौँ निस्कनुभयो ।'

# नियुक्तिविरुद्ध अदालत जाने निर्णय

नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादवले मुख्यमन्त्री नियुक्ति प्रक्रिया गैरकानूनी भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने बताएका छन् । उनले प्रदेश प्रमुखको भूमिकाले संविधान नै धरापमा परेको आरोप लगाए ।

सरकारमा सहभागी दलबाहेक बसेको दलहरुको बैठकले यस्तो निर्णय गरिएको जानकारी दिए । नेता यादवले कानूनी लडाइँअन्तर्गत सर्वोच्च अदालतमा मुद्दा दायर गर्न लागेको स्पष्ट गरे । एमाले पार्टी बाहेकका ७४ प्रदेश सांसदको हस्ताक्षरसहित आफूहरू अदालती प्रक्रियामा जान लागेको उनले जानकारी दिए ।

नेपालको संविधानको धारा १६८ को उपधारा–२ बमोजिम कांग्रेससहित विभिन्न सात दलसम्बद्ध सांसदको साथ र सहयोगमा अदालत जान लागेको नेता यादवले बताए । यादवले प्रदेश प्रमुखको भूमिकाले संघीयतामाथि मात्रै खतरा नभएको र संविधानको मर्मतमाथि समेत प्रहार भएको बताए ।

उनले भने, 'हामीले यसको विरोध गर्दै ७४ प्रदेश सभा सदस्यको हस्ताक्षरसहित सर्वोच्च अदालतमा मुद्दा दर्ता गर्छौं, संविधानको रक्षा र संघीयता बचाउने कार्यसमेत दायित्व छ ।'

यादवले सभामुखको भूमिकाको विषयमा समेत बैठकमा छलफल भएको र महाअभियोग लगाउने वा कसरी जाने भन्ने विषयमा तत्काल निर्णय नभएको बताए ।

# मधेश सरकार गठनविरुद्ध सर्वोच्चमा रिट

संविधानको धारा १६८ को उपधारा ३ बमोजिम मधेश सरकार गठनविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । मधेश प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्रीको कार्यालय र मधेश प्रदेश सभालाई विपक्षी बनाएर रक्षीप्रसाद साह र सुजित यादवले सोमबार रिट दायर गरेका हुन् । रिटमा संविधानको धारा १६८ को उपधारा २ जीवित रहेको अवस्थामा उपधारा ३ अनुसार प्रदेश प्रमुखले सरकार गठन गर्नु असंवैधानिक जिकिर गरिएको छ ।

# प्रदेश तहमा किताबखानाको काम आरम्भ

**सुदूरपश्चिम ।**
निजामती कर्मचारीका लागि राष्ट्रिय किताबखाना(निजामती)ले गर्दै आएको काम सुदूरपश्चिम प्रदेश तहबाट पनि आरम्भ भएको छ ।

राष्ट्रिय किताबखाना (निजामती), ललितपुरले सुदूरपश्चिम प्रदेश सरकारअन्तर्गतको प्रदेश किताबखानालाई कर्मचारी सूचना प्रणालीको पहुँच हस्तान्तरण गरेसँगै सुदूरपश्चिम प्रदेश तहमा किताबखानाको काम कार्यान्वयनमा आएको हो ।

राष्ट्रिय किताबखानाका महानिर्देशक श्रवणकुमार पोखरेलल र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेशका सचिव विमलप्रसाद बरालबीच दुई दिनअघि यससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

योसँगै प्रदेश सरकारका र स्थानीय तहका कर्मचारीले विभिन्न विवरणहरु अद्यावधिक गर्नेलगायतका कामका लागि राष्ट्रिय किताबखाना (निजामती)ललितपुरमा पुग्नुपर्ने बाध्यता हटेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव नवराज ओझाले किताबखानाको काम प्रदेश तहबाट सुरु भएसँगै कर्मचारीहरुले अब केन्द्रमा पुग्नुपर्ने बाध्यता हटेको बताए । उनले भने, 'प्रदेशको कानुनमा किताबखाना स्थापनाको व्यवस्था गरेको छ, तर हाल मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलयको कर्मचारी अभिलेख शाखालाई यो कामको जिम्मेवारी दिइएको छ ।'

निजामती कर्मचारीले कर्मचारी विवरण अद्यावधिक गर्ने, सङ्गठन तथा पद दर्ता गर्ने, अशुद्ध विवरण शुद्ध पार्ने, शिटरोल दर्ता, निवृत्त कर्मचारी परिचयपत्र, सम्पति विवरण दर्ता तथा व्यवस्थापनलगायतका कामका लागि ललितपुरमा रहेको राष्ट्रिय किताबखानामा पुग्नुपर्ने बाध्यता थियो ।

राष्ट्रिय किताबखाना (निजामती) सम्पूर्ण निजामती कर्मचारीको व्यक्तिगत विवरण राख्ने निकाय हो ।

किताबखानाले सङ्गठन तथा पद दर्ता, शिटरोल दर्ता, सङ्केत नम्बर जारी, कर्मचारी विवरण अद्यावधिक गर्ने, तलबी प्रतिवेदन पारित गर्ने, विवरण उपलब्ध गराउने, अशुद्ध विवरणको शुद्धीकरण गर्ने, कर्मचारी विवरण संशोधन गर्ने, निवृत्त कर्मचारी परिचयपत्र, सम्पत्ति विवरण दर्ता तथा व्यवस्थापन, उपदान अङ्क किटान पत्र जारी, सञ्चित बिदा तथा उपचार सुविधाको किटानी पत्र जारी, पारिवारिक निवृत्तिभरण र उपदान पत्र जारीलगायतका काम गर्ने गर्दछ । रासस


## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

बिरगंज,पर्सा

### कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना

प्रकाशित मिति :- २०८२/०७/२५ दोस्रो पटक

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०७/२५ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना दोस्रो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रि गरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धनजमानी दिनेको घरघरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : मैमुल खातुन/समिन मिया<br>पति/पत्नी :दिलमहमद मिया/मोबिना खातुन<br>बुवा : सरिफ मिया/दिल महमद मिया<br>ससुरा/बाजे : नथुनी मिया/सुकन मिया<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री नथुनी मियाँ/सुकन मिया को बुहारी/नाती दिलमहमद मिया को श्रीमति/छोरा मैमुल खातुन/समिन मिया पर्सा जिल्ला वीरगंज वडा नं.०३ बस्ने ना.प्रा.नं. १६३०२०२४ ,११४१/१६०३१८८६४ मिति २०४५/०१/०९ ,२०४५/०१/०८ पर्सा वर्ष ७३,५४ को मैमुल खातुन/समिन मिया को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला वीरगंज वडा नं. ०३ स्थितको किता नं. २४० को जग्गाको क्षेत्रफल ०००८८.८२ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : फुलझरिय कोइरीन<br>पति : सत्यनारायण महतो कोइरी<br>बुवा : नरसिंह महतो<br>ससुरा : सुनरमन महतो कोइरी<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री सुनरमन महतो कोइरी को बुहारी सत्यनारायण महतो कोइरी को श्रीमति फुलझरिय कोइरीन पर्सा जिल्ला भौराटार वडा नं. ३ बस्ने ना.प्रा.न १३५२०४५१ मिति २०३५/०३/०७ पर्सा बर्ष ८३ को फुलझरिय कोइरीन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला भौराटार वडा नं. २ स्थितका किता नं. ६५९ को जग्गाको क्षेत्रफल २५८२.०५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : संगिता यादव<br>पति : जितेन्द्र प्रसाद यादव<br>बुवा : सुदर्शन प्रसाद यादव<br>ससुरा : अनिरुद प्रसाद यादव<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री अनीरुद प्रसाद यादव को बुहारी जितेन्द्र प्रसाद यादव को श्रीमति संगिता यादव पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ०७ बस्ने ना.प्रा.नं. ३४-०१-७२-००६७२ मिति २०७२/०१/२९ पर्सा वर्ष ३१ को संगिता यादव को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला भौराटार वडा नं. ०९ स्थितको किता नं. ३८९ को जग्गाको क्षेत्रफल ०-३-१० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : गिता देवी<br>पति : भोला महतो<br>बुवा : कैलाश महतो धानुक<br>ससुरा : लखन महतो धानुक<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री लखन महतो धानुक को बुहारी भोला महतो को श्रीमति गिता देवी पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. १ बस्ने ना.प्रा.न ३४३००८/२२२ मिति २०६४/०१/११ पर्सा बर्ष ४६ को गिता देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला पचरुखी वडा नं. ६ स्थितका किता नं. ५७६ को जग्गाको क्षेत्रफल १६९३.१५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : अनिरुद प्रसाद यादव<br>पत्नी : सारदा देवी<br>बुवा : दुर्गा राउत<br>बाजे : उमापति राउत<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री उमापति राउत को नाती दुर्गा राउत को छोरा अनिरुद प्रसाद यादव पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ०७ बस्ने ना.प्रा. नं. ०५१८१०२७ मिति २०४०/०६/०३ पर्सा वर्ष ७२ को अनिरुद प्रसाद यादव को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी नं. ०७ स्थितको किता नं. २५ को जग्गाको क्षेत्रफल ०-०-१५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ६. | ऋणी : कुटुरुस मिया<br>पत्नी : नईमा खातुन<br>बुवा : हनिफ मिया धोबी<br>बाजे : शेख मिया धोबी<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री शेख मिया धोबी को नाती हनिफ मिया धोबी को छोरा कुटुरुस मिया पर्सा जिल्ला बहुअरी पिडरी वडा नं.१ बस्ने ना.प्रा.नं.३४/०१/७१/०८४३७ मिति २०७१/११/११ पर्सा बर्ष २८ को कुटुरुस मिया को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं. ७ स्थितको किता नं. ७४६ को जग्गाको क्षेत्रफल ११२.७५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ७. | ऋणी : भागवत सिंह राजपुत<br>पत्नी : सारदा देवी<br>बुवा : बैजनाथ सिंह<br>बाजे : अनमोल सिंह<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री अनमोल सिंह को नाती बैजनाथ सिंह को छोरा भागवत सिंह राजपुत पर्सा जिल्ला सिर्सिया नौ.त.ज वडा नं. ९ बस्ने ना.प्रा.नं. ८८७०१००५ मिति २०३५/०३/२६ पर्सा बर्ष ८२ को भागवत सिंह राजपुत को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सिर्सिया नौ.त.ज वडा नं. ९ स्थितको किता नं.८०,८२,१८१,२७२,२७४ को जग्गाको क्षेत्रफल ८२९.६३,१३९.६८,६३.५१,१८६.२३,१६९.३० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

✆-०५१-५९१५३४,९८२१८५३८३०
✉-kohinoorsahakari@gmail.com


# प्रदेशसभाको हिउँदे अधिवेशन मङ्सिर ८ गतेदेखि




**लुम्बिनी ।**
लुम्बिनी प्रदेशसभाको हिउँदे (सातौँ) अधिवेशन मङ्सिर ८ गते बस्ने भएको छ ।

प्रदेश मन्त्रिपरिषद् बैठकको सोमवार बसेको हिउँदे अधिवेशन मङ्सिर ८ गते सोमबारका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिए ।

संवैधानिक व्यवस्थाअनुसार सरकारले प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको उनले बताए । हिउँदे अधिवेशनका लागि छलफल गर्न प्रदेशसभा सचिवालयमा स्थानीय तहका कर्मचारीहरूको सेवा–सुविधासम्बन्धी संशोधन गर्न बनेको विधेयक र लुम्बिनी अध्ययन अनुसन्धान प्रशिक्षण प्रतिष्ठान विधेयक दर्ता भइसकेका छन् । त्यसैगरी, दलित अधिकारसम्बन्धी विधेयक र बडघरसम्बन्धी विधेयक दर्ता गर्ने तयारी छ ।

त्यसैगरी विभिन्न समितिका प्रतिवेदनहरू र महालेखा परीक्षकको प्रतिवेदन पनि दर्ता भई हिउँदे अधिवेशनमा छलफलका लागि प्रस्तुत हुनेछन् । लुम्बिनीमा गत भदौ ३१ गते वर्षे अधिवेशन अन्त्य भएको थियो ।रासस

# कोशी टप्पुमा देखिन थाले पाहुना चरा




**विराटनगर ।**
सुनसरीको कुशहास्थित कोशी टप्पु वन्यजन्तु आरक्षण क्षेत्रमा पाहुना चराहरु देखिन थालेका छन् । हिउँदयाम प्रारम्भ भएसँगै पाहुना चराहरु विचरणका लागि आउने गरेको आरक्षणका वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले जानकारी दिए ।उनका अनुसार सिमसार र जलाशय रहेको सो क्षेत्रमा २२ वटा डल्फिन पनि रहेको पत्ता लागेको छ ।

प्रत्येक दुई वर्ष चराको गणना हुनुपर्ने मा यस वर्ष गणना नभएको र यस क्षेत्रमा ५३५ प्रजातिको चराहरुको बासस्थान रहेको उनको भनाइ छ । आरक्षणमा साइवेरिया र रुससम्मका चराहरु आउने गरेका छन् । आरक्षणमा ५०० भन्दा बढी जङ्गली भैँसी अर्ना रहेको र सन् २०२१ मा गणना हुँदा कूल ४९८ वटा अर्ना रहेको पुष्टि भएको थियो ।

यस वर्षको अविरल वर्षा र झरीबाट कुनै पनि क्षति नभएको सो क्षेत्रमा संरक्षित जनावरहरु नजिकै गाउँबस्तीमा प्रवेश गर्दा समस्या उत्पन्न हुने गरेको बताइएको छ ।रासस

# स्थानीय तहका जनप्रतिनिधिसँग छलफल गर्दै कर्णाली सरकार



**कर्णाली ।**
कर्णाली प्रदेश सरकारले प्रदेश तथा स्थानीय तहबीचको सम्बन्धलाई थप व्यवस्थित र एकरुपता ल्याउन यहाँका स्थानीय तहका जनप्रतिनिधिसँग छलफल गर्ने भएको छ । छलफल गर्न मङ्गलबार र बुधबार प्रदेश सरकारले भेला आयोजना गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा वीरेन्द्रनगरमा उक्त भेला आयोजना हुन लागेको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव लक्ष्मीकुमार विकका अनुसार भेलामा प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, उनीहरुबीचको सम्बन्ध तथा सेवा प्रवाह, कर्णाली प्रदेशले योजना छनैटसम्बन्धी हाल प्रयोगमा ल्याएका अभ्यास र योजना छनेट कार्यविधिबारे छलफल तथा स्थानीय तहका कर्मचारी र राजस्व सङ्कलन तथा बाँडफाँटसम्बन्धी छलफल गरिनेछ ।

संविधानमा तीन तहका सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा अघि बढनुपर्ने भावनाअनुसार प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई थप समन्वयात्मक ढङ्गले अघि बढाउन प्रदेश सरकारले विषयगत छलफल तथा अन्तरक्रियाको आयोजना गरेको सचिव विकले बताए । छलफलमा दुई तहका सरकारबीच देखिएका कतिपय सम्बन्ध तथा समस्या र समाधानका उपाय खोजिने छन् ।

दुईदिने भेलामा नगरप्रमुख÷उपप्रमुख, अध्यक्ष÷उपाध्यक्षसहित सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा प्रदेशका १० वटै जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख सहभागी हुने सचिव विकले जानकारी दिए । रासस

# मधेशी समुदाय बिहारको चुनावमा अत्यन्त इच्छुक



**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
भारत–नेपाल सम्बन्ध त्रेता युगदेखिको हो । दुई देशबीचको खुला सिमानाले यो सम्बन्धलाई अझ बलियो बनाएको छ । सीमावर्ती बिहारमा हुने चुनावलाई लिएर नेपालका मधेशी समुदाय धेरै उत्साहित छन् । उनीहरू भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई आदर्श मान्छन् ।
हुलाकी सडक, जयनगर–जनकपुरधाम–बर्दिबास रेल सञ्जाल निर्माण, शिक्षा, स्वास्थ्य, दूरसञ्चार र धर्मशालामा सुधार, सबै मोदीको प्रधानमन्त्रीको कार्यकालमा सम्पन्न भएका हुन् । प्रधानमन्त्री बनेपछि मोदीले पूजा गर्न जानकी मन्दिरको भ्रमण गरे । स्वतन्त्रतापछि जनकपुरधाम भ्रमण गर्ने उनी पहिलो भारतीय प्रधानमन्त्री हुन् र यसको विकासका लागि १ सय करोड रुपैयाँ घोषणा गरेका छन् ।
उनले मधेशीको अधिकारबारे पनि बोलेका छन् । बिहारमा उनीहरू आफ्ना आफन्तलाई फोन गर्दै एनडीएका लागि भोट माग्न ह्वाट्सएपमा सन्देश पठाइरहेका छन् ।
८० प्रतिशत मधेशी समुदाय एनडीएको प्रचार गरिरहेका छन् भने २० प्रतिशतले महागठबन्धनको प्रचार गरिरहेका पाइएको छ । उनीहरुको मनपर्ने नेता तेजस्वी यादव पनि छन् ।
राष्ट्रिय वैश्य महासंघका अध्यक्ष नेपालका अध्यक्ष परमेश्वर शाहले काटीम सीतामढी, रिगा, मधुबनी, शिवहर, खजौलीमा उम्मेदवारलाई भेटेर जीतको शुभकामना दिएका छन् । उनले वैश्य समुदायका उम्मेदवारको जित सुनिश्चित गर्न भोट मागेका छन् । यहाँ मधेशमा प्रवासी भारतीय मजदुर पनि भोट हाल्न घरघर पुगेका छन् ।


# कटहरिया नगरपालिकामा १४ दिनपछि ताला खुल्यो



**आरके श्रीवास्तव**
**रौतहट ।**
कटहरिया नगरपालिकामा करार र ज्यालादारीका कर्मचारीले तलब–भत्ताको बक्यौता भुक्तानीको माग गर्दै १४ दिनदेखि गर्दै आएको तालाबन्दी अन्त्य भएको छ । कर्मचारीहरूले वडा नं. १ देखि ९ सम्मका सबै वडा कार्यालयहरू तथा नगरपालिकाको मुख्य कार्यालयमा तालाबन्दी गर्दै कार्यालय परिसरमै धर्ना दिइरहेका थिए ।
वडा अध्यक्ष, वडा सदस्य र कार्यपालिका सदस्यहरूले सामूहिकरूपमा कर्मचारीहरूको तलब–भत्ताको विषयलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएपछि तालाबन्दी खोलिएको हो । उनीहरूले कार्यालय प्रमुख आएलगत्तै पहिलो कामका रूपमा तलब भुक्तानी गर्ने निर्णय गरेका छन् ।
कटहरिया नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष समिश बिक्रम शाहले भने, 'पहिला तलब–भत्ता दिने, त्यसपछि मात्रै अन्य काम अघि बढाउँछौँ । अब नगरपालिका भोलिदेखि नियमित रुपमा सञ्चालन हुनेछ ।' त्यस्तै वडा नं. ४ का अध्यक्ष चन्दन कुशवाहाले भने, 'गैरजिम्मेवार मेयर र जनप्रतिनिधिलाई जिम्मेवार बन्न हामीले पाठ सिकाएका हौँ । सेवाग्राहीको पीडा अन्तिम अवस्थामा पुगेपछि तीन दिनको निरन्तर प्रयासपछि तालाबन्दी खोलिएको हो । तलब दिएर मात्रै अन्य काम गर्न दिनेमा हामी एकमत छौँ ।'
वडा नं. ३ का अध्यक्ष श्यामाकान्त यादवले वडामा विभिन्न सेवा अवरुद्ध भएको जनाउँदै भने, 'मेयर साहेब आउनु भएन, त्यसैले हामी अग्रसर भएर ताला खोलाउन बाध्य भयौँ । कर्मचारीहरूको तलब जसरी पनि दिलाउनेछौँ ।'
करारका कर्मचारी प्रमोद कुमार साहले पनि वडा अध्यक्षहरूको प्रयासको कदर गर्दै भने, 'हामीले जनताको पीडा बुझ्दै ताला खोल्ने निर्णय गरेका हौँ । हाम्रो तलब यथाशीघ्र पाइनुपर्छ ।' निमित्त प्रमुख प्रशासकीय अधिकृत रामनरेश यादवले तालाबन्दी खुलाउन सराहनीय भूमिका निर्वाह गरेका छन् । उनले प्रमुख प्रशासकीय अधिकृतको उपस्थितिमा पहिलो बैठकमै कर्मचारीहरूको तलब भुक्तानी गर्ने निर्णय हुने जानकारी दिए ।
नगरपालिकाका कार्यपालिका सदस्य मनोज जयसवालले तालाबन्दी सर्वसहमतिको आधारमा अन्त्य भएको जनाउँदै भने, 'तालाबन्दीका कारण जनसाधारण सेवाबाट बञ्चित भएका थिए । आर्थिक कारोबारका लागि हाकिम नहुँदा समस्या उत्पन्न भएको हो, अब हाकिम आएका छन्, तलब तत्काल दिलाइनेछ ।'
लगातार १४ दिनको तालाबन्दीका कारण नगरपालिकाका नागरिकता सिफारिस, राजस्व संकलन, सामाजिक सेवा लगायतका अत्यावश्यक कामहरू ठप्प भएका थिए । स्थानीय बासिन्दा अत्यधिक मर्कामा परेपछि वडा अध्यक्ष, वडा सदस्य, कार्यपालिका सदस्य प्रशासनसँगको सहमतिअनुसार मंगलबारदेखि कटहरिया नगरपालिका र सबै वडामा नियमित कामकाज पुनः शुरु भएको छ ।

# हात्तीले मच्चायो आतंक, ट्रक चालकको मृत्यु





**मधेशदृष्टि**
**कलैया ।**
बारामा जङ्गली हात्तीको आक्रमणबाट ट्रक चालकको घटनास्थलमै मृत्यु भएको छ ।
जीतपुर सिमरा उपमहानगरपालिका–१६ काटघाट क्षेत्रमा मंगलबार बिहान जङ्गली हात्तीको आक्रमणमा चालकको मृत्यु भएको हो ।
पूर्व पश्चिम राजमार्गको बीच बाटोमा हात्ती आएर सवारी साधनमा आक्रमण गरेको प्रहरीले जनाएको छ ।
हात्तीको आक्रमणपछि ना४ख १८३० नम्बरको ट्रकका चालक जीतपुरसिमरा उपमहानगर–१ निबासी ४० वर्षीय राजकुमार चौधरीको मृत्यु भएको हो ।
ट्रकबाट उत्रेर भाग्ने क्रममा राजमार्गदेखि करिब १ सय मिटर दक्षिण जङ्गलतर्फ हात्तीले आक्रमण गर्दा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका निमित्त प्रवक्ता एवम् प्रहरी निरीक्षक खेमप्रसाद नेपालले जानकारी दिए ।
घटना भएको सूचना पाएसँगै इलाका प्रहरी कार्यालय निजगढबाट प्रहरी निरीक्षक जीवन लामिछानेको कमान्डमा ७ जनाको टोली, नेपाली सेनाको १० जनाको टोली र सशस्त्र प्रहरीको टोली समेत हात्ती धपाउन परिचालन भएको थियो ।
हात्तीले डब्लु बि ७३ जी ९५८७ नम्बरको माइक्रो बस र बा२च ७९२८ नम्बर कप पिक अप गाडी बाटोको छेउमा पल्टाइदिएको छ ।
गाडीमा पटकपटक फर्केर हात्ती आएर पल्टिसकेको शहरी साधनमा समेत गाडीभित्र भएको सरसामान खोजी निकालेर क्षति गरिदिएको छ ।
हात्तीका कारण बिहानदेखिनै राजमार्ग भई हिँड्ने दर्जनौँ गाडीको सिसा फुटालिदिएको र आवागमनमा अवरोध गरेको प्रहरीले जनाएको छ । तीनै सुरक्षा टोली परिचालन भए पनि हात्ती नहटेका कारण अझै केहीसमय राजमार्ग सुचारु समस्या भएको थियो ।

# एनपिएलको खेल तालिका सार्वजनिक

नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको तालिका सोमबार सार्वजनिक गरेको छ ।
मङ्सिर १ गतेदेखि सञ्चालन हुने प्रतियोगिताका खेलहरू काठमाडौँको कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा हुनेछ । उद्घाटन खेल मंसिर १ गते दिउँसो ४ बजे साबिक विजेता जनकपुर बोल्ट्स र काठमाडौँ गोर्खाजबीच हुनेछ । प्रतियोगितामा विभिन्न आठ टोली सहभागी छन् । दिनमा दुई खेल हुँदा पहिलो खेल दिउँसो ११:४५ बजे र दोस्रो खेल ३:३० तथा ४ बजे शुरू हुनेछ । प्लेअफका तीन खेल दिउँसो ४ बजे शुरू हुनेछ । मङ्सिर २७ गते फाइनल खेल फ्लडलाइटमा गर्ने तयारी छ । ३२ खेलमध्ये २३ खेल फ्लडलाइटमा खेलाइनेछ ।

# विद्यालय भवनको उद्घाटन

**मधेशदृष्टि**
**महोत्तरी ।**
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्रीराम माध्यमिक विद्यालय मटिहानीमा निर्माण सम्पन्न ४ कोठे पक्की भवन मटिहानी नगर प्रमुख हरि प्रसाद मण्डलले उद्घाटन गरेका छन् ।
भवन निर्माणमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ४५ लाख रुपैयाँ तथा मधेश प्रदेश सरकारको विशेष अनुदानबाट १८ लाख रुपैयाँसहित ६३ लाख रुपैयाँमा निर्माण भएको प्राविधिक दिनेश साहले जानकारी दिए ।
नगर प्रमुख मण्डलले भने, 'शिक्षा क्षेत्रको गुणस्तर सुधार नगरी भविष्यको आधार मजबुत हुँदैन, आधारभूत संरचना निर्माणसँगै सिकाइमा सुधार, विद्यार्थीमैत्री वातावरण र विद्यालयको समग्र विकासमा नगरपालिका प्रतिबद्ध छ ।
यस्तो भवन निर्माणले विद्यार्थीको सिकाइ सहज बनाउने विश्वास लिएको छु । नगरले जहाँ आवश्यक हुन्छ त्यहाँ शिक्षा पूर्वाधारमा अझ लगानी गर्दै जानेछ ।'
कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका सदस्य राम लखन पंजियार, मटिहानी नगरपालिका वडा नं. ६, ७ र ८ का वडा अध्यक्ष क्रमशः कलीम अन्सारी, जितनारायण माझी र रितेश साह, कार्यपालिका सदस्यहरू, वडा नं. ८ का पूर्व वडाअध्यक्ष गणेश प्रसाद साह, लोसपा नेपालका श्याम कुमार मण्डलको सहभागिता थियो ।
यस्तै, नेपाली कांग्रेसका बैजनाथ मण्डल, नेकपा एमालेका जुगेश्वर खतवे, नेकपा माओवादीका राजकिशोर मण्डल, समाजसेवी उमाशंकर साह, महोत्तरी उद्योग वाणिज्य संघका निमित्त अध्यक्ष मोहन गुप्ता, उपाध्यक्ष पवन कुमार साह, राजकीय संस्कृत माध्यमिक विद्यालयका प्रअ ईश्वरी पौडेल, श्रीराम मावि मटिहानीका प्रअ श्रीश कुमार मिश्र, समाजसेवी बिन्देश्वर नायक, पूर्वकर्मचारी राम नारायण सहनीलगायतको उपस्थिति थियो ।

# बाराका निवर्तमान सांसद श्रेष्ठ एमालेमै फर्किए



**मधेशदृष्टि**
**बारा ।**
नेकपा एमालेले सोमबारदेखि चलाएको 'घर फर्क राष्ट्रिय अभियान'मा बारा, निर्वाचन क्षेत्र नम्बर ४का निवर्तमान सांसद कृष्णबहादुर श्रेष्ठ 'किसान'लगायतका नेताहरु एमालेमा फर्किएका छन् ।
काठमाडौँमा भएको कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की नेत्री रामकुमारी झाँक्री, किसान श्रेष्ठसहितका नेता कार्यकर्ता नेपाल कम्युनिष्ट पार्टी (एमाले)मा फर्किएका हुन् ।
राष्ट्रियसभा गृहमा आयोजित 'घर फर्क राष्ट्रिय अभियान घोषणा' कार्यक्रममा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेत्री झाँक्री, किसान श्रेष्ठसहितलाई एमालेमा स्वागत गरेका छन् ।
एमालेका कार्यालय सचिव डा भीष्म अधिकारीले 'घर फर्क राष्ट्रिय अभियान घोषणा' गरेर सुरुआत मात्रै भएको र देशैभर यो अभियान जारी रहने बताए ।
एमाले अध्यक्ष ओलीले केही दिनअघि विगतमा एमाले छाडेकाहरूलाई पार्टीमा फर्कन आह्वान गरेका थिए । सोही आह्वानअनुसार घर फर्क अभियानअन्तर्गत १ सय ५० भन्दा बढी नेता कार्यकर्ता एमालेमा प्रवेश गरेका छन् । अब जिल्लामा पनि अभियान चलाइने नेता श्रेष्ठले बताए ।

# बरहवा खोला युवकको शव फेला

**राकेश यादव**
**रौतहट ।**
गौर नगरपालिका वडा नम्बर ५ स्थित बरहवा खोलामा सोमबार बिहान युवकको शव फेला परेको छ । खोलाको पूर्व किनारमा पानीमा घोप्टो परेको अवस्थामा चन्द्रपुर नगरपालिका वडा नम्बर ६ का २० वर्षीय युवकको शव फेला परेको हो ।
मृत फेला परेको युवकको पेन्टको खल्तीबाट बरामद भएको नेपाली नागरिकता प्रमाणपत्रअनुसार साबिक गाविस चन्द्रनिगाहपुर वडा नम्बर २ हाल वडा नम्बर ६ बस्ने सुरेश महतो कहारको छोरा सुनिल कुमार कहारको रुपमा पहिचान भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिए ।
मृतकको साथमा रहेको मोबाइल, मोटर साइकलको साँचो र नेपाली नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचयपत्रको आवेदन फर्मको कागजात भेटिएको छ ।
घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मृत भेटिएको युवकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको छ ।

# लागुऔषधसहित दुई पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले प्रतिबन्धित लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ । पूर्व–पश्चिम राजमार्गको चन्द्रनिगाहपुरमा नियमित चेकजाँचका क्रममा उनीहरूलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालयकी प्रमुख प्रहरी नायब उपरीक्षक रुपा लाबुङले जानकारी दिइन् । पक्राउ पर्नेमा सर्लाहीको लालबन्दी–१६ का बुद्धसिंह वाइबा र सर्लाहीकै हरिवन नगरपालिकाका सरिन योन्जन छन् । उनीहरूका साथबाट प्रहरीले १ सय ३० पिस ट्रामाडोल बरामद गरेको प्रहरीले जनाएको छ । चेकजाँचका क्रममा शंकास्पद देखिएपछि तलासी लिँदा अवैधरूपमा राखिएको प्रतीबन्धित लागुऔषध ट्रामाडोल फेला परेपछि दुवैलाई नियन्त्रणमा लिइएको हो ।

# ३३ औँ महानिरीक्षकमा कार्की

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सरकारले नेपाल प्रहरीको ३३ औँ महानिरीक्षकमा प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीलाई बढुवा गर्ने निर्णय गरेको छ ।
संघीय मन्त्रिपरिषद्को सोमबारको बैठकले कार्कीलाई कात्तिक २७ गतेदेखि लागू हुने गरी महानिरीक्षक पदमा नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

## सम्पादकीय

# होटलमा खाजा–खाना खाने हो, शपथ होइन !

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले मधेश प्रदेश प्रमुख सुमित्रा भण्डारीलाई बिदाई गरेको छ । उनले चैं सोमबार बिहान उज्यालो नहुँदै पुरानो मितिमा मधेश प्रदेशमा सरकार गठनको आह्वान पनि नगरी ठूलो दलहको हैसियतमा संविधानको धारा १६८ (३) अनुसार नेकपा एमाले प्रदेश संसदीय दलका नेता सरोज यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । महोत्तरीको होटल पानसमा भएको यो लज्जास्पद शपथ र त्यसपछि नियुक्त अरु मन्त्रीहरुको विनाविभागीय शपथ पनि यतिखेर चर्चामा छ ।

एकसिट भएका पार्टीका नेताहरुलाई मन्त्री बनाउनु पर्ने बाध्यता र राजनीतिक फोहोरी खेलमा प्रदेश प्रमुखको सबैभन्दा कच्चा खेल मधेशमा देखिएको छ ।

आइतबार ७८ सदस्यीय संख्याका दलहरुले प्रदेश प्रमुखलाई सुझाएका थिए कि, फेरि पनि मधेशमा संविधानको धारा १६८ (२) अनुसार नै दुई भन्दा बढी दलहरुको समर्थनको सरकार बन्ने गरी सरकार निर्माणमा आह्वान होस् । प्रदेश प्रमुख एमालेका नेतालाई मुख्यमन्त्री नियुक्त गरी मधेशबाट भागदैछिन् भन्ने संशय मधेशमा सनसनी बनेपछि आइतबार ७८ सदस्य भएको गठबन्धन, जहाँ कांग्रेस पनि समावेश थियो, संविधानअनुसार नै सरकार बनाउने मौकाका लागि प्रदेश प्रमुखकहाँ गएका थिए । प्रदेश प्रमुखले पनि छलफल जारी रहेको र सोमबार पनि छलफलपछि सरकार गठन आह्वान गरिनेमा आस्वस्त पारेकी थिइन् । तर सोमबार बिहान बिरामीको बहानामा प्रदेश राजधानी छाडेर प्रदेश प्रमुखले कामचलाउ मुख्यमन्त्रीबाट बिदा मागेर हिँड्दा जुन सादगी देखाएकी थिइन् । क्षणभरमै उनको बदमासी छताछुल्ल भयो । उनको बदमासी १२ घण्टा नपुग्दै पदमुक्तमा जोडियो । अब उनी मधेश फर्केर पनि जानु पर्दैन ।

प्रदेश सरकारको यो कच्चा राजनीतिले उनीलाई पदमुक्त मात्र गरेको छैन, मधेशमा नेकपा एमाले कमजोर पार्ने काम पनि भएको छ । एमालेकै प्रदेश सांसदहरु आफ्नो पार्टीको मुख्यमन्त्री बनेको थाहा छैन भनिरहेका छन् । एमालेकै कोटामा परेका सभामुख रामचन्द्र मण्डलमाथि पनि महाअभियोगको प्रश्न उठेको छ । लगाउने–नलगाउने अलग कुरा । तर प्रदेश प्रमुख, मुख्यमन्त्री हुन हतारिने नेता र सभामुखले बैठकमा प्रवेश नै नभएको विषयमा पनि निष्कर्षमा पुग्ने हतारोले मधेशमा एमालेका लागि पनि ठूलो क्षति हुने देखिन्छ । यसबाट सिक्न पर्छ कि, राजनीति लामो बाटोको यात्रा हो, हतारमा कुनै स्टेसन पुगेर चिया पिएजस्तो होइन । होटलमा खाजा, खाना खाने हो, शपथ होइन । यो घटनाबाट सिक्नुपर्छ एमालेले कि यतिखेर एमालेका लागि मधेशमा समय खराब चलिरहेको छ ।

# आफैँलाई गुमाएर, आफैँलाई प्राप्त गर्ने अद्भूत यात्रा विपश्यना



**मधु शाही**

यात्रा ! गन्तव्यमा पुग्ने उत्साह । यही उत्साहका कारण कठिनभन्दा कठिन चुनौती पार गर्न बल मिल्छ । संसार घुम्न सजिलो छ । नाङ्गो आँखाले भ्याएजति देख्न पनि सजिलै छ । तर, कुनै यस्तो एक यात्रा छ, जहाँ पुग्दापुग्दै आफैँ हराइन्छ, आफैँ बिलाइनेछ । आफैँ गुमाएर आफूलाई नै पाउने अनुभूति जगाउने त्यो, एक अद्भुत यात्रा हो 'अन्तर मनको यात्रा' अर्थात् 'विपश्यना ध्यान' विधि ।

तन–मन शिथिल पारेर थपक्कै बसेर मनको आँखाले शरिरभित्र डुलाउने प्रक्रिया अद्भुत रहेछ । दशैँको मुखैमा विपश्यना शिविर पुगे । ध्यानका शुरूका तीन चार–दिन शरीर दुखेर रुन मन लाग्यो । विचारका पहाडहरु चिर्दै, शरीरभरि उठिरहेका बग्रेल्ती सुखद र दुखद संवेदनाहरुको अनुभूति गर्दै अन्तरमन भरी दौडिन साँच्चिकै सजिलो रहिन छ । यसको वास्तविक अनुभूति विपश्यना ध्यान शिविरमा सहभागी भएपछि महसुस गरेँ ।

विपश्यना ध्यान विधिले जिउने कला सिकाउँछ । घण्टौँ पलेटी कसी बसेर आफ्नो श्वास प्रश्वासलाई नियाल्दा धैर्य भई बस्न सक्ने क्षमता विस्तार गराउँछ । पलेटीकसी बस्दा बस्दै छेउछाउका केही साथीहरु घुरेका आवाजहरु कानमा गुन्जिन्थे । बसीबसी निदाएरै १० दिन बताउने साधकहरु पनि थिए । एक साधकले १० दिन पूरा गरेपछि भनिन्, 'बाख्राको पुच्छर खाए जस्तै चुलचुले थिएँ, अचम्मै लाग्यो म यतिका दिन कसरी बस्न सकेँ ?'

उनले भने जस्तै, विपश्यनाले धर्यता, सहनशीलता, आफूप्रतिकै इमानदारीताप्रति आफू नै साक्षात्कार हुन सिकाउँछ । विपश्यना शिविरमा १० दिन (आर्य मौन बस्ने) सम्म शब्द उच्चारण गर्ने त कुरै भएन कुनै इशारा वा सङ्केत समेत गर्न मिल्दैन । न फोनको घण्टी बज्छ, न त कुनै म्यासेजको टिन टिन सुन्नुपर्छ । न कुनै गाडीको ट्याँ...ट्याँ... न कुनै उद्योगको ध्वनि प्रदूषण । दश दिन बाहिरी दुनियाँबाट पूरै बेखबर हुँदा अन्तरमुखी भएर जिउनुको रस बेग्लै हुने रहेछ ।

विपश्यना ध्यान विधिलाई अपनाइरहदा छैटौँ दिनमा अनौठो महसुस भयो । शरीरभरि तरङ्ग नै तरङ्ग फैलिए । एकपल त म को हुँ ? तरङ्ग मात्रै हुँ ? भन्ने भान भयो । अर्को दिन त्यही संवेदना रुपान्तरित भएर विन्दु–विन्दु (थोप्ला) भएको संवेदना महसुस भयो । थुप्रै विन्दुहरुको समग्र रुप नै शरीर हो कि ? या एक विन्दु मात्रै म हुँ ? शरीरभित्र उत्पन्न हुने र हराउने यी संवेदनाहरुको बेगले म को हुँ ? भनी सोच्न बाध्य बनाउँछ । उत्पन्न सोचहरुबीच ध्यान जारी छ ।

शरीरभित्र उत्पन्न भएका अनेक संवेदनाहरुको लहर चलिहरन्छ । केही क्षणमै बम विस्फोट भए जस्तै शरीर पड्किए झैँ भयो । ती ठूला संवेदनाहरु थिए । जसको आवाज थिएन तर, झट्का भने कुनै बमभन्दा कम लागेको थिएन । आत्तिएछु, आँखाभरि डर, त्रास र थोरै रहस्य भाव बोकेर अचार्य गुरु माँलाई सोधेँ, 'शरीरभरि बम पट्किए जस्तै भयो, अत्यास लाग्यो ।' उनले मन्दमुस्कान र शालीन भाव पस्किँदै भने, 'आत्तिनु पर्दैन । त्यो पनि संवेदना नै हो आउँछ, जान्छ, क्षणभङ्गुर छ । मात्रै साक्षी भावले हेरिरहनु ।'

वास्तवमा कुनै प्रतिक्रिया बिना नै उत्पन्न भइरहेको घटनाको साक्षी हुनुमै शान्तिको मुहान लुकेको हुँदोरहेछ । यो विपश्यना ध्यान विधिले गराएको अर्को महत्वपूर्ण अनुभूति थियो । जहाँ दुख्छ या पीडा बोध हुन्छ, त्यहाँ जति साक्षी भावले नियाल्यो त्यति छिट्टै बिलीन हुन्छ । फेरि अर्को कुनै ठाउँ अर्को संवेदना जाग्छ । संवेदनाहरु जाग्नु र हराउने प्रक्रिया निरन्तर शरीरमा चरिरहन्छ । संवेदनाहरुको उतारचढावको वेग चुपचाप नियाल्नुमा ठूलो धैर्यता चाहिने रहेछ ।

शरीरभरि फैलिएका यस्ता अनौठा संवेदनाहरु यसअघि कहिल्यै यति सूक्ष्म तरिकाले महसुस गरेकी थिइनँ । दैनिकी भागदौडमा हामीले हाम्रो शरीरको कुन अङ्गलाई यति ध्यान दिन भ्याउँछौँ र ? अझ अन्तर मनको तरङ्ग सुन्ने सुक्षमता त गुमनाम भइसकेको छ । विपश्यना ध्यान विधिले आफूमै केन्द्रित हुन सिकाउँछ । सहन सक्ने शक्ति बढाउछ, दुखाइ र पीडालाई स्वीकार गरेर सहज रुपमा लिने स्वभावको विकास गराउँछ । अझै महत्वपूर्ण सिकाइ भनेको शरीरभित्र दौडिरहेका हरेक प्रकारका संवेदनाहरुप्रति तटस्थ रुपमा साक्षी एवं द्रष्टा भावको जागरण गराउँछ ।

विपश्यनाको सातौँ दिन । पूर्णिमाको रात थियो । चन्द्रमा पूरै उदाएका थिए । चकमन्न रातमा । केही टिम टिम तारा । राति ९ बजेको प्रवचन र ध्यान सकाएर धम्म(ध्यान) सभाबाट त्यस दिनको ध्यान सकेर सुत्ने कक्षमा पुग्दा बाहिर आकाशतिर आँखा पुग्यो । त्यो दिन चन्द्रमा पूर्ण गोलो आकारमा थियो । मनले पूर्णिमा रात रहेको चाल पायो । एकटक उभिएर चन्द्रमा नियाली रहे । उही चन्द्रमा, उही आकाश, अनि यिनै आँखा । तर, चन्द्रमाप्रतिको अनुभूति र बोध भने विगतभन्दा फरक महशुस गरेँ ।

चम्किरहेको चन्द्रमालाई मैले पहिलो पटक उ जस्तो छ त्यस्तै रुपमा देखेँ । पहिला भने चन्द्रमासँग थुप्रै अलङ्कार जोडेर रोमाञ्चित हुन्थेँ । झुटो चन्द्रमाको परिकल्पना गरेर झुटै कल्पनामा रमाउने बानी परेको थियो । तर, त्यो रात चन्द्रमा साँच्चै विशुद्ध चन्द्रमाकै रुपमा नियालेँ । त्यहाँ कुनै प्रतीक जोडिन । उ मलाई हेरिरहेको छ, म उसलाई । हामी मात्रै एक अर्काका द्रष्टा मात्रै थियौँ । कल्पनाको जालो जब विस्तारै विलिन हुन्छ, तब मात्रै वस्तुगत यथार्थ नियाल्न सम्भव हुने रहेछ । यी कुराहरु मैले कतै न कतै सुनेकी थिएँ, अनुभूति गर्न पाएकी थिइनँ ।

प्रत्येक वर्ष घुमफिर गरेर रमाइलो गर्ने मेरो स्वभाव छ । सम्भव भएसम्म घुम्ने, डुल्ने । यसै क्रममा अहिलेसम्म चार हजार १३० मिटर उचाईमा रहेको अन्नपूर्ण आधार शिविर (एबिसी), चार हजार १ सय मिटर उचाईमा रहेको पाँचपोखरी र चार हजार २ सय ५० मिटर उचाईको मर्दी ट्रेकमा पुगेको छु ।

देशदेखि विदेशसम्मको यात्रा गरेको अनुभूति पनि छ । समुन्द्र, पहाड, हिमाल, तराईको अनुभव । उकाली र ओराली अनुभूति । सबै दृश्यको साक्षात्कार गरेकी मलाई विपश्यनामा पुगेर गरेको अन्तरमनको यात्रा सयौँ गुणा सुखद् रह्यो ।

यात्राको प्रक्रिया कुनै पहाड चढ्नुभन्दा कम सजिलो छैन । यससँगै थुप्रै चुनौतीहरु भोग्नु पनि तयार हुनुपर्छ । आफूभित्रको अन्तरद्वन्द्वको सामना गर्न कठिन छ । तर, जसरी लामो कष्टर पदयात्रापछि गन्तव्यमा पुगेर प्राप्त हुने खुसी जस्तै अन्तरमनको यात्राले दिने आनन्द र उत्सव त्यो भन्दा कहिल्यौँ गुणा बढी हुँदोरहेछ ।

विपश्यनाका लागि शिविरमा नाम दर्ता गर्दा उदासिनको बादल छाएको हामी सबै साधकहरुको अनुहार १० दिनपछि शिविर पूरा गरेर निस्किदा उज्यालो, चम्किलो र एक उत्साह भरिएको जीवन लिएर फर्कियौँ । यस्तो, लाग्दै थियो, 'मेमरी फूल' भएको 'हार्डडिक्स पूरै फम्र्याट' भएको छ । हलुका र प्रफूलित मुहार लिएर, हामी शिवपुरी सैनिक क्याम्प नजिकबाट घर फिर्ता हुन जमलस्थित ज्योति भवनसम्मको गाडीमा चढ्यौँ ।

विपश्यना शिविरको एउटै कोठामा बस्ने साथी सुस्मिताले भनिन्, 'प्रफूल्लित भएको यो मन अब दैनिक जीवनमा फर्किएपछि कति दिन टिक्ला ?' उनले गरेको यो प्रश्न सबै विपश्वी साधकको साझा चुनौती हो । तर, म भने विपश्यना ध्यान विधिले आत्मबोध गराएको हरेक चुनौतीलाई साक्षी भावले नै हेरौँला भनेर मुस्कानसहित घर फर्किएँ । रासस

# महाकाली करिडोर: योजनामा उत्साह, कार्यान्वयनमा निराशा

**महादेव अवस्थी–रासस**



सुदूरपश्चिमको समृद्धि र आर्थिक विकासको मेरुदण्ड मानिएको महाकाली करिडोर डेढ दशकअघि उत्साहका साथ शुरू गरिएको थियो । तर योजना सम्पन्न गरिसक्ने समयमा समेत बजेट अभाव,पक्रियागत अल्झन र सरकारी उदासिनताका कारण अधुरो र अलपत्र अवस्थामा पुगेको छ ।

सुदूरपश्चिम प्रदेशका चार जिल्ला कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जोड्दै नेपाल र चीनको ताक्लाकोटको सिमानामा रहेको पिल्लर नम्बर १ सम्म चार सय १३ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य छ । सडक निमार्णपछि सुदूरपश्चिमका करिब आठ लाख जनता प्रत्यक्ष लाभान्वित हुने र त्रिदेशीय नाका भएका कारण व्यापारिक महत्व पनि धेरै नै रहेको छ । साथै, धार्मिक हिसावले कैलाश मानसरोवर भ्रमणको सुविधा उपलव्ध हुने देखिन्छ । तर प्रक्रियागत अल्झन र बजेट अभावले योजनाले अपेक्षित गति लिनसकेको छैन । सुदूरपश्चिमको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेको महाकाली करिडोर निर्माणका लागि न्यून बजेट विनियोजन हुँदा निर्माणको काम ठप्प जस्तै भएको छ ।

चालु आर्थिक वर्षमा करिडोर निमार्णका लागि २२ करोड ९७ लाख रुपैयाँ मात्रै बजेट विनियोजन भएको महाकाली करिडोर सडक (ब्रह्मदेव–झुलाघाट–दार्चुला–टिङ्कर सडक) योजना कार्यालयका योजनाका सूचना अधिकारी रामचन्द्र जैशीले जानकारी दिए । बजेटले निर्माण व्यवसायीको समेत भुक्तानी गर्न सकिदैँन । 'योजनाअन्तर्गत कार्यालयले डेढ अर्ब दायित्व भुक्तानी गर्नु पर्नेछ,' उनले भने, 'चालु आर्थिक वर्षमा आएको बजेट न्यून छ, यसले नयाँ ठेक्का खोलेर काम गर्न सकिने अवस्था छैन ।' उनले यही गतिमा बजेट बजेट आए योजना सम्पन्न गर्न अझै वर्षौं लाग्ने बताए ।

कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको तुसारपानीसम्म तीन सय ३४ किलोमिटरमध्ये अझै ५४ किलोमिटरमा ट्र्याक खोल्न बाँकी छ । करिडोरअन्तर्गत डडेल्धुरामा करिब २७, बैतडीमा नौ र दार्चुलामा १८ किलोमिटर ट्र्याक खोल्न बाँकी छ । करिडोरको हालसम्म करिब ५ किलोमिटर सडक कालोपत्र गरिएको छ । विभिन्न स्थानमा कालोपत्रका लागि ठेक्का भएर काम चलिरहेको भए पनि बजेट अभावका कारण निर्माण व्यवसायीलाई भुक्तानी दिन सकिने अवस्था नरहेको योजना कार्यालयले जनाएको छ ।

दार्चुलाको मालिकार्जुन र खलङ्गा–हिकिला खण्डमा कालोपत्रका लागि काम भइरहेको छ । योजना कार्यालयका अनुसार करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५८ किलोमिटर, बैतडीमा एक सय ४४ किलोमिटर र दार्चुलामा एक सय २१ किलोमिटर सडक निमार्ण हुनेछ । यसमध्ये कञ्चनपुरमा ११ किलोमिटर ट्र्याक खुलिसकेको छ भने डडेल्धुरामा २८ किलोमिटर ट्र्याक खुलेको छ । त्यसैगरी बैतडीमा एक सय १४ किलोमिटर र दार्चुलामा ७७ किलोमिटर ट्र्याक खुलेको छ । तुसारापानीदेखि टिङ्करसम्मको ७९ किलोमिटर सडक खण्डमा ट्र्याक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ ।

डडेल्धुराको सिमलतालदेखि भागेश्वर गाउँपालिका हुँदै सुर्नयासम्म, बैतडीको शिवनाथ र पञ्चेश्वर क्षेत्र तथा दार्चुलाको लेकम र मालिकार्जुन गाउँपालिका क्षेत्रमा ट्र्याक खोल्न बाँकी रहेको छ । हाल योजनाले छ वटा प्याकेजमा गरी डडेल्धुरा र दार्चुलामा ३७ किमिमा सडक कालोपत्रको काम निमार्णधिन छ । करिडोरअन्र्तगत दार्चुलाको महाकाली नगरपालिका क्षेत्रमा १२ किलोमिटर र खलङ्गादेखि तुसारपानी खण्डमा १०–१० किमि गरी दुई प्याकेजमा सडक कालोपत्रको काम निर्माणाधीन छ ।

आव २०६५–६६ देखि शुरू भएको करिडोरको शुरूको कुल लागत अनुमान १८ अर्ब १६ करोड रुपैयाँमा आव २०८०–८१ सम्म पूरा गर्ने लक्ष्य थियो । तर बजेट अभाव, रुख कटानलगायतका प्रक्रियागत अल्झनले योजनाको लागत र समय लम्बिदै गएको छ ।

**योजना शुरू हुँदा उत्साह, अहिले निराशा**

कञ्चनपुरको भीमदत्त नगरपालिका–९ टुडिखेलका लोक बहादुर थापा मगर २०६५ सालमा डडेल्धुराको जोगबुढाबाट बसाइसरी यहाँ आउनुभयो । त्यतिबेला कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको टिङ्करसम्म महाकाली करिडोर निर्माण हुने खबरले उनमा उत्साह थियो । करिडोर यातायातको सुविधा मात्र नभइ अवसरको ढोका पनि रहेकाले व्यापारका नयाँ सम्भावनाहरु खुल्ने अपेक्षा उनमा थियो ।

आफ्नै घर छेउबाट सडक निर्माण हुने भएपछि यहाँको यहाँका स्थानीयवासीमा आफूहरुको आर्थिक अवस्था फेरिने आशा पलाएको थियो । तर सडक निर्माण हुन्छ भनेको सुनेको पनि डेढ दशक भइसकेको छ । 'त्यो बेला सडक निर्माण हुन्छ भन्ने सुनेपछि धेरै खुशी भएका थियौँ,' थापाले भने, 'एकातर्फ महेन्द्रनगर बजार सहज पहुँच हुने र सडक बनेपछि शिक्षा, स्वास्थ्य र व्यापार हुने ठूलो आशा थियो तर अहिलेसम्म बनेन ।' क्षेत्रमा करिडोरको ट्र्याक खुलेको छ तर यात्रा गर्न सहज छैन ।

वर्षाद्को समयमा त सडक बन्द हुने गरेको उनको भनाइ छ ।

'सडक नहुँदा बिरामीलाई बोकेर अस्पताल लग्नुपर्ने बाध्यता आउँछ गाउँमा न स्वास्थ्य संस्था छ न विद्यालय नै,' उनले भने, 'हाम्रो मुख्य समस्या भनेकै सडक हो सडक नहुँदा निकै सास्ती खेप्नु परेको छ ।' उनले दुई घण्टा पैदल विद्यालय जानुपर्ने बाध्यताले नातिनिलाई कैलालीको लम्कीस्थित भाइको घरमा अध्ययनका लागि पठाएको बताए । अहिले पनि स्थानीय उत्पादन बिक्री गरेर आम्दानी गरिरहेको बताउँदै सडक सञ्जालले जोडिए यहाँका स्थानीयको आर्थिक सुधार हुने उनको भनाई थियो ।

बाइस वर्षदेखि यहाँको टुँडिखेलमा बस्दै आउनुभएका लीला पुनमगर पनि करिडोर निर्माण हुने खबरले उत्साही भए । तर सडक निर्माणमा ढिलाइ हुँदा भने उनको उत्साह पनि निराशामा परिणत भएको छ । 'करिडोर बन्छ भन्ने सुनेको १२ वर्षपछि ट्र्याक खुलेको छ अझै आशा मरेको छैन तर सडक बनिसक्नु पर्ने समयसम्म पनि नबन्दा शुरूको जस्तो उत्साह छैन,' उनले भने, 'सरकारले ढिलाइ गर्नु भएन, यो सडकलाई प्राथमिकतामा राखेर छिटो सम्पन्न गर्नुपर्छ ।' उनले सडक निमार्णपछि लामो दुरीको यात्रा गर्नुपर्ने बाध्यता हट्ने बताए ।

महाकाली करिडोरले यातायातको पहुँचसँगै भारतसँगको व्यापारिक पहुँच, घरेलु उद्योगको विस्तार र पर्यटन सम्भावनामा ठूलो भूमिका खेल्नसक्ने यहाँका स्थानीय रमेश नायक बताउँछन् । 'यो सडक यातायातका लागि मात्रै नभई व्यापारिक हिसाबले महत्वपूर्ण छ,' उनले भने, 'सरकारको पर्याप्त बजेट विनियोजन गरेर सडक निर्माणलाई पूर्णता दिनुपर्छ ।'

उनले करिडोर सञ्चालनमा आए सुदूर पहाडका जनताको आर्थिक अवस्थामा सुधार आउने बताऐ । 'करिडोर सञ्चालनमा आइदिए यहाँका स्थानीयले आठ–आठ घण्टा लगाएर जानुपर्ने ठाउँमा दुई घण्टामै पुग्छौँ,' उनले भने, 'यो सुदूर पहाडका जनताका लागि लाइफलाइन नै हो ।' करिडोर बनेपछि ब्रह्मदेव, डडेल्धुरा जिल्लाको जोगबुढा, बैतडी जिल्लाको पञ्चेश्वर, चमेलिया, दार्चुलाको लाली, उकू, खलङ्गा, धारी, हिकिला, हुती, धौलाकोट र सुन्सेरा हुँदै तिङ्कर नाकासम्म सडक निर्माण गरी क्षेत्रको आर्थिक सामाजिक सांस्कृतिक पर्यटकीय साथै शैक्षिक विकासमा योगदान पु¥याउनेछ । 'महाकाली करिडोर बने मात्रै सुदूरपश्चिमको विकासको ढोका खुल्छ,' कञ्चनपुरका होटेल व्यवसायी जगदीशचन्द्र भट्टले भने, 'यसले धार्मिक पर्यटनलाई समेत फाइदा पुग्छ, अर्कोतर्फ उत्तरतर्फ चीनसँग पनि व्यापारको ढोका खुल्छ ।'

महाकाली करिडोरअन्तर्गत महेन्द्रनगरमा सिद्धवैजनाथ, डडेल्धुरामा परशुरामधाम, बैतडीमा त्रिपुरासुन्दरी, मेलौली भगवती र निङ्लाशैनी जस्ता प्रसिद्ध धार्मिकस्थलहरु छन् । त्यसैगरी दार्चुलामा राष्ट्रकै चौथो धामका रुपमा परिचित मालिकार्जुन धामजस्ता प्रसिद्ध धार्मिकस्थल रहेकाले करिडोरले धार्मिक पर्यटनमा समेत टेवा पुग्ने उनको भनाइ छ । 'भारतको पूर्णागिरि दर्शन गरेपछि महेन्द्रनगरमा रहेको सिद्धवैजनाथ दर्शन गर्नुपर्ने धार्मिक मान्यता छ,' उनले भने, 'ती दर्शनार्थी करिडोर सञ्चालनमा आए डडेल्धुराको परशुरामधाम पुग्न सक्छन् ।' उनले अझै पनि भारतबाट यहाँका प्रसिद्ध धामहरुमा भारतीय धार्मिक पर्यटन आउने गरेको बताउँदै यहाँ धार्मिक पर्यटनको ठूलो सम्भावना रहेको बताए ।

महाकाली करिडोर निर्माण भएपछि चीन र भारतसँग व्यापारको ढोका खुल्ने र रोजगारीका थुप्रै अवसर सिर्जना हुनेमा यहाँका व्यवसायी आशावादी छन् । हालसम्म छिमेकी मुलकसंग व्यापारिक नाका नभएका कारण महाकाली करिडोर त्रिदेशीय व्यापारिक नाका बन्ने र सुदूरपश्चिम व्यापारिक 'हब' बन्ने अपेक्षा व्यवसायीको छ । 'अहिलेसम्म भारत संगको सहज कनेक्टिभिटि नहुदा सुदूरपश्चिमले आर्थिक लाभ लिन सकेको छैन,' यहाँका व्यवसायी नरेश विष्टले भने, 'न्यून आर्थिक गतिविधि रहेको सुदूरपश्चिममा करिडोर बनेपछि आर्थिक गतिविधि बढ्छन् ।' करिडोर सञ्चालनमा आए सुदूर पहाडका जनताको आर्थिक अवस्थामा उलेख्य सुधार हुने उनले बताए । करिडोर निर्माणपछि यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय साथै शैक्षिक विकासमा टेवा पुग्नेछ । रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# निर्वाचनलाई सफल पार्नु प्रदेश सरकारको पनि दायित्व

**गण्डकी।**
गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घ सरकारले आगामी फागुन २१ गतेलाई घोषणा गरेको प्रतिनिधिसभा निर्वाचन सफल पार्नु प्रदेश सरकार पनि दायित्व रहेको बताएका छन् । गण्डकी प्रदेशसभा बैठकलाई सोमबार सम्बोधन गर्दै उनले संविधानतः हुने निर्वाचन प्रक्रियालाई सहयोग गर्न प्रदेशसभा सदस्य, राजनीतिक दल, नागरिक समाजलगायत सबै प्रदेशवासीमा अनुरोध गरेका छन्।

मुख्यमन्त्री पाण्डेले युवा पुस्ताको व्यावहारिक आकाङ्क्षा र भावनालाई समेट्दै वैधानिक तथा लोकतान्त्रिक बाटोबाट देशमा आइपरेको सङ्कटलाई दीर्घकालीन समाधान गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिए । 'पछिल्ला घटनाक्रमले हामी राजनीतिक दल र नेतृत्वलाई पनि गहिरो आत्मसमीक्षाको सन्देश दिएको छ,' उनले भने, 'हाम्रो जिम्मेवारी भनेको जनअपेक्षाअनुसार जवाफदेही पारदर्शी र उत्तरदायी कार्यबाट देशलाई पुनःनिर्माण तथा स्थायित्वको बाटोमा अघि बढाउनु हो।' नेपाली समाजको विशिष्ट चरित्र सामाजिक एकता र सद्भाव रहेको बताउँदै मुख्यमन्त्री पाण्डेले यसलाई अझै बलियो बनाउनुपर्ने धारणा राखे। 'जेन्जी' आन्दोलनका क्रममा भएका फौजदारी घटना, आक्रमण, लुटपाट र तोडफोटको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने उनको भनाइ थियो।

आन्दोलनका क्रममा निजी क्षेत्रमाथि भएको आक्रमणले लगानीको वातावरण धमिल्याएको मुख्यमन्त्री पाण्डेले बताए । 'हजारौँ रोजगारी सिर्जना गरेका र देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दै आएको निजी क्षेत्रसँग सहकार्य गर्दै शान्त, सुरक्षित र लगानीमैत्री वातावरण निर्माण गर्न गण्डकी प्रदेश सरकार सक्रिय रहनेछ,' उनले भने।

पछिल्लो समय युवापुस्ताको माग र आन्दोलनको भावनाअनुसार नै गण्डकी प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रमलाई अघि बढाउँदै आएको मुख्यमन्त्री पाण्डेले बताए। भ्रटाचारको अन्त्य, सुशासन, मितव्ययी, सहज, सरल सेवा प्रवाह प्रदेश सरकारको प्राथमिकतामा रहेको उनको भनाइ थियो। बैठकका शून्य समयमा बोल्न अधिकांश प्रदेशसभा सदस्यले गत भदौ २३ र २४ गतेको 'जेन्जी' आन्दोलनमा भएका आपराधिक घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्नुभएको थियो । शून्य समयमा प्रदेशसभा सदस्य कल्पना तिवारी, गणेशमान गुरुङ, देवका पहाडी त्रिपाठी, नन्दकला दमाई नेपाली, प्रकाश बराल, फणिन्द्र देवकोटा, बेदबहादुर गुरुङ, भक्तबहादुर कुँवर, भीमबहादुर कार्की, रेशमबहादुर जुग्जाली, लिलबहादुर थापा, सीताकुमारी सुन्दास, सुशीला सिम्खडा, श्यामराजा महत, हरिबहादुर भण्डारी र सुनिता थापाले भनाइ राखे थियो।

बैठकमा सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले 'गण्डकी विश्वविद्यालय पहिलो संशोधन विधेयक, २०८२' प्रदेशसभामा पेस गर्नुभएको थियो । उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्न बनेको विधेयक' प्रदेशसभामा पेस गर्नुभयो। पर्यटनमन्त्री बस्यालले दफाबार छलफलका लागि सोमको बैठकमा प्रस्तुत गर्नुभएको 'गण्डकी प्रदेशमा खानी तथा खनिज पदार्थको अन्वेषण र व्यवस्थापन गर्न बनेको विधेयक'मा छलफल सुरु भएको छ।

'जेन्जी' आन्दोलनका कारण उत्पन्न परिस्थितिका कारण स्थगन भएको प्रदेशसभा बैठक दुई महिनापछि सोमवार बसेको हो। नदीपुरमा रहेको प्रदेशसभा भवन 'जेन्जी' आन्दोलनका क्रममा क्षतिग्रस्त बनेपछि कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाकक्षमा प्रदेशसभा बैठक सञ्चालन गरिएको प्रदेशसभा सचिव गोविन्द पौडेलले जानकारी दिए।

पुनः प्रयोगमा ल्याउन नमिल्नेगरी प्रदेशसभा भवनलगायतका संरचनामा क्षति पुगेकाले प्रदेशसभा बैठक सञ्चालनका लागि कृषि मन्त्रालयको भवनमा वैकल्पिक व्यवस्था गरिएको हो । हालै मात्र प्रदेशसभाको नयाँ भवन निर्माण सुरु गरिएकाले उक्त भवन नबनेसम्म अस्थायी संरचनाबाट प्रदेशसभाका कामकारबाही सञ्चालन हुने प्रदेशसभा सचिवालयले जनाएको छ। रासस

# कांग्रेस चुनावमा सहभागी हुन्छः सिंह



**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले पार्टी आगामी निर्वाचनमा सहभागी हुने र विशेष महाधिवेशनको अहिले औचित्य नरहेको बताएका छन् ।

सोमवार शोभा भगवतीमा नेपाली कांग्रेसका नेता स्व. गणेशमान सिंहको १११औँ जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा उनले नेपाली कांग्रेस लोकतान्त्रिक मूल्य र प्रणालीमा विश्वास गर्ने पार्टी भएकाले निर्वाचनबाटै जनतासामु जानुपर्ने बताएका हुन् । उनले भने, 'नेपाली कांग्रेस लोकतान्त्रिक पार्टी हो, हामी चुनावमा सहभागी हुन्छौँ, देशको यो सङ्कट कांग्रेसले पार लगाउनेछ ।' सिंहले पछिल्ला दिनमा उठेका विशेष महाधिवेशनका मागबारे टिप्पणी गर्दै भने, 'नियमित महाधिवेशन नजिक आइरहेको अवस्थामा विशेष महाधिवेशनको कुनै औचित्य छैन, अहिलेको प्राथमिकता देशलाई सङ्कटबाट पार लगाउने र जनताको विश्वास जित्ने हो ।'

उनले जेन्जीका माग सम्बोधनका लागि पार्टीले आन्तरिक गृहकार्य गरिरहेको र नयाँ पुस्ताको विचार, ऊर्जा तथा आकाङ्क्षालाई पार्टी संरचनामा समावेश गर्नुपर्ने आवश्यकता रहेको बताो । कार्यक्रममा नेपाली कांग्रेसका नेता, कार्यकर्ता र स्थानीय बासिन्दाले गणेशमान सिंहको लोकतान्त्रिक योगदानको स्मरण गर्दै उनको सालिकमा माल्याार्पण गरेका थिए । रासस

# अपाङ्गता भएका महिलालाई न्याय दिन व्यवहार बदलौँ

**काठमाडौँ ।**
अपाङ्गता भएका महिलाहरूको न्यायको पहुँचलाई सहज बनाउन न्यायिक निकायहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्ने एक अध्ययन प्रतिवेदनले देखाएको छ ।

'एक्सेस प्लानेट'द्वारा अनुसन्धान गरिएको 'किनाराका आवाजहरूः नेपालमा अपाङ्गता भएका महिलाहरूको न्यायमा पहुँचको स्थिति अनुसन्धान' मा २०० सहभागीमध्ये ९५ जनाले न्यायिक निकायहरूले सहयोगी र भेदभावरहित व्यवहार गर्नुपर्ने र ती निकायहरू भौतिक रूपमा पहुँचयुक्त हुनुपर्नेमा जोड दिएको छ ।गण्डकी, कर्णाली, कोशी र मधेश गरी चारवटा प्रदेशमामा गरिएको अध्ययनले अपाङ्गता भएका महिलाहरूको न्याय प्रणालीमा पहुँचको सम्बन्धमा रहेका अनुभवको खोजी गरेको छ ।

सोमबार राष्ट्रिय महिला आयोगको आयोजना र 'एक्सेस प्लानेट'को व्यवस्थापन तथा सहकार्यमा 'अपाङ्गता भएका किशोरी र महिलामैत्री न्याय प्रवर्द्धनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया' मा मुख्य अनुसन्धान परामर्शदाता डा नीति अर्याल खनालले अपाङ्गता भएका महिलाको न्यायिक पहुँचको स्थिति हेर्दा जटिल देखिएको र न्यायिक निकायको पहुँचको वातावरण बढाउनुपर्ने धारणा राखे । उनले भने, 'अपाङ्गता भएका महिलाले न्यायिक प्रक्रियामा समान हिसाबले सहभागी हुन पाउनुपर्छ । नेपालको न्याय, संरचना, सेवा, नीति सबै सपाङ्ग व्यक्तिको अनुभवको आधारमा बनाइएको छ । अपाङ्गता भएकाहरूको अनुभवको आधार र आवश्यकता नै बिना ती निर्माण गरिएको छ । त्यसलाई ट्रान्सफर्म गर्न धेरै काम गर्नुपर्ने देखिन्छ ।'

अध्ययन प्रतिवेदनले एक चौथाइभन्दा बढी (२७.५) प्रतिशत सहभागीहरूलाई न्याय प्रणालीको कुनै पनि सेवाबारे ज्ञान नभएको देखाएको छ । यसैगरी चारवटै प्रदेशका सहभागीमध्ये अधिकांश (१५८) जनाले जीवनमा हिंसा भोगेको बताएका छन् । हिंसा भोगेको बताउने सहभागीले आफूले भोगेको अन्यायका लागि न्याय नखोजेको बताएका छन् ।

केवल ३६ प्रतिशत महिलाहरूले मात्र न्याय खोजेका छन् ।अध्ययनले अपाङ्गता परिचयपत्र वितरण सजिलो र प्रभावकारी बनाउने, नीति कार्यान्वयन र पैरवी प्रभावलाई सुदृढ बनाउने एवं अपाङ्गता समावेश सुरक्षित आवासगृहमा लगानी गर्नेमा बढी जोड दिनुपर्ने सिफारिस गरेको छ ।

एक्सेस प्लानेटकी कार्यकारी निर्देशक लक्ष्मी नेपालले अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राख्छौँ भन्ने तर उनीहरूबारे पर्याप्त मात्रामा अध्ययन नै हुन नसकेको धारणा राखे । उनले भने, 'तथ्याङ्क नै छैन भने उनीहरूका लागि कसरी काम गर्ने त ? अपाङ्गताको विविधिताको बुझाइबारे पनि सरोकारवाला निकायहरूलाई नै संवेदनशील बनाउन आवश्यक देखिन्छ ।'

कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरू विभेदीकरणको सिकार भइरहेको र न्यायम सहज पहुँच स्थापित हुन नसकेको धारणा व्यक्त गरे ।रासस

# नेपाल ट्रेड युनियन कांग्रेस नियमित महाधिवेशनका पक्षमा

**काठमाडौँ ।**
नेपाल ट्रेड युनियन कांग्रेसले कांग्रेसको नियमित महाविधेशनको पक्षमा जोड दिएको छ । ट्रेड युनियनद्वारा सोमवार आयोजित पत्रकार सम्मेलनमा जेन्जी आन्दोलनले राजनीतिक र सामाजिक परिस्थिति बदलिदिएको बताउँदै अब कांग्रेसको महाधिवेशनमा जेन्जी पुस्ता समेटिनुपर्ने धारणा समेत राखिएको छ ।

युनियनले नेपाली कांग्रेसको आगामी महाधिवेशनका जेन्जी आन्दोलनपछि श्रमिकको अवस्था र आगामी निर्वाचनप्रति सरकारको ध्यानाकर्षण गराउन विभिन्न १३ बुँदामा निर्णय गरेको छ ।

जसमध्ये, कांग्रेसको वर्तमान कार्य समितिको पदावधिको समय यही २०८२ मङ्सिरभित्र मात्र रहेको र आगामी महाधिवेशनको मितिलाई लिएर कांग्रेसको लामो समयदेखि चलिरहेको निरन्तरको बैठकप्रति महासङ्घको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

आगामी निर्वाचनमा कांग्रेसलाई सशक्त बनाउन नयाँ नीति र ताजा नेतृत्वसहित सहभागी हुनुपर्ने र महासङ्घ आम निर्वाचनपूर्व एकीकृत रूपमा सहमतिका साथ विधानका साथै संविधानको मूल मर्मअनुसार सबै वर्गको सहभागिता हुनेगरी यथाशीघ्र महाधिवेशन गर्ने निर्णय बैठकले गरेको छ । कांग्रेसको निर्णय विहीनताले मुलुक पनि दिशाविहीन भएको समेत महासङ्घको ठहर रहेको छ ।

कांग्रेसको विशेष जिम्मेवारीमा रहेका शीर्ष नेतृत्वबाहेक प्रत्यक्ष तथा समानुपातिकतर्फ दुई पटकभन्दा बढी संसदीय प्रतिनिधिका रूपमा अवसर पाइसकेकाहरूलाई सङ्गठनको जिम्मेवारी दिई दोहोरो जिम्मेवारी नहुनेगरी युवा, महिला र श्रमिक वर्ग समेत समावेशी रूपमा समेट्ने गरी उम्मेदवारहरू तय गर्ने नीति लिन कांग्रेसलाई आह्वान गरेको छ ।

त्यसैगरी पार्टी संरचनाभित्र पनि आरक्षित सिटहरूमा एक व्यक्तिले एक पटकभन्दा बढी अवसर नपाउने व्यवस्था गर्नुपर्ने युनियनको निर्णय छ । युनियनका अध्यक्ष योगेन्द्रकुमार कँुवरले श्रमिकहरूको पक्षका सरकार विगतदेखि उदासीन भएको बताउँदै हाल मन्त्री विहीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा मन्त्री नियुक्ति गर्न सरकारलाई ध्यानकेन्द्रित गराउने बताए ।

उनले श्रमिकले समाजको सबै समुदायको प्रतिनिधित्व गने हुँदा संविधानमा छुट्याइएका विभिन्न क्लस्टरमध्ये, श्रमिक र कृषकको स्थान सुनिश्चित गरिनुपर्ने धारा राखे । उनले अबको कांग्रेसको महाधिवेशनमा जेन्जी पुस्तालाई समेटिनुपर्ने बताए । यसैगरी युनियनका महासचिव अजयकुमार राईले जेन्जी आन्दोलनपछिको सामाजिक, राजनीतिक रूपान्तरणको अपेक्षाप्रति राजनीतिक पार्टीले गम्भीर आत्मसात् गर्नुपर्ने बताए ।रासस

# कोष राजनीतिक भर्ती केन्द्र बन्नु गलतः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले पशुपति क्षेत्र विकास कोषलाई राजनीतिक भर्ती केन्द्र बनाउन नहुने धारणा राखेकी छन् ।

कोषको सोमबार बसेको सञ्चालक परिषद् बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्की धार्मिक संस्थामा धार्मिक व्यक्ति नै आवश्यक पर्ने भएकाले राजनीतिक कार्यकर्ता भर्ती गर्न नहुने बताइन् ।

कोषको सम्पूर्ण काम कारबाहीको सञ्चालन तथा रेखदेख गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको अध्यक्षतामा पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद् रहने कानूनी व्यवस्था छ ।

प्रधानमन्त्री कार्कीले भनिन, 'धार्मिक संस्थाका आफ्नै नियम र मूल्यहरु हुन्छन् । परम्परागत मान्यता र रितिथितिहरु हुन्छन्् । ती हाम्रा मौलिक संस्कृति हुन् । यी मूल्य मान्यताको जगेर्ना गर्नुपर्छ । पशुपतिनाथ संसारभरिका हिन्दूको आस्था जोडिएको ठाउँ हो । यस्तो संस्थामा आफ्ना पार्टीका कार्यकर्ता भर्ती गर्नु र राजनीतिको छायाँमा राख्न खोज्नु गलत हो । पशुपतिमा राजनीतिको छायाँ पर्न दिनुहुँदैन । दलीय कार्यकर्ताको भर्ती केन्द्र बनाउनुहुँदैन । यहाँ काम गर्ने व्यक्ति धार्मिक नै हुनुपर्छ । धार्मिक संस्थामा बसेर राजनीतिको आस्था बढाउनुपर्दैन । यहाँ धार्मिक आस्था बढाउने कार्य नै गर्नुपर्छ ।रासस

# जेन्जी आन्दोलनमा गण्डकीमा पाँच अर्ब क्षति

**गण्डकी ।**
भदौ २३ र २४ गते भएको 'जेन्जी' आन्दोलनका क्रममा गण्डकी प्रदेशमा झण्डै रु पाँच अर्ब बराबरको भौतिक क्षति भएको छ ।

सोमबार बसेको प्रदेशसभा बैठकलाई सम्बोधन गर्ने क्रममा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारी भवन र सवारीसाधन गरी करिब दुई अर्ब रुपैयाँ र निजी क्षेत्रतर्फ तीन अर्ब रुपैयाँ क्षति पुगेको जानकारी दिए ।

कास्की, तनहुँ, नवलपुर, पर्वत, बागलुङ, म्याग्दी, स्याङ्जा गरी सात जिल्लाका १३८ वटा सरकारी कार्यालय र ६१ वटा निजी संरचनामा क्षति पुगेको उनले बताए । प्रदेशभित्र ३६१ वटा दुईपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको, सात वटा तोडफोड गरिएको र तीनवटा हराएको जनाइएको छ । यसैगरी १६१ वटा चारपाङ्ग्रे सवारीसाधनमा आगजनी भएको र ३१ वटा तोडफोड भएको मुख्यमन्त्री पाण्डेले जानकारी दिए ।

आन्दोलनका क्रममा प्रदेशभित्र तीन जनाले ज्यान गुमाएका थिए भने सुरक्षाकर्मी र आन्दोलनरत पक्षतर्फ गरी ७० जनाभन्दा बढी घाइते भएका थिए । मुख्यमन्त्री पाण्डेले क्षति पुगेका संरचनाको तीन चरणमा पुनर्निर्माण गरिने बताए । तत्काल मर्मतसम्भार गर्न सकिने संरचनाको काम पहिलो चरणमा भइरहेको उनको भनाइ थियो ।

दोस्रो चरणमा आंशिक क्षति पुगेका भौतिक संरचनाको प्रवलीकरण गरिने र पुनर्निर्माण गर्नुपर्ने संरचनाको काम तेस्रो चरणमा गरिने मुख्यमन्त्री पाण्डेले बताए ।

'क्षति पुगेका संरचनाको प्राविधिकहरुबाट मूल्याङ्कन र लागत योजनासमेत तयार गरिएको छ, कतिपय संरचनाको पुनर्निर्माणका लागि ठेक्का प्रक्रियासमेत अगाडि बढिसकेको छ,' उनले भने । मुख्यमन्त्री पाण्डेले एकैसाथ धेरै संरचनामा क्षति पुगेकाले पुनर्निर्माणका लागि स्रोत जुटाउन समस्या भइरहेको बताए ।

नगरी नहुने चालु कार्यक्रमबाहेकका खर्च कटौती गरी पुनर्निर्माणका लागि स्रोत जुटाउने नीतिगत निर्णय लिई कार्यान्वयनमा जान सबै मन्त्रालयलाई निर्देशन दिइएको उनको भनाइ थियो । दीर्घकालीन रुपमा गर्नुपर्ने पुनर्निर्माणका लागि प्रदेश सरकारले योजना बनाइरहेको उनले बताए ।रासस

# राष्ट्र सङ्कटमुक्त गर्न एमालेको भूमिका सशक्तः पोखरेल

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले राष्ट्रलाई सङ्कटबाट बाहिर निकाल्न नेकपा एमालेले सशक्त भूमिका निर्वाह गर्दै आएको बताएका छन् ।

सोमवार यहाँ आयोजित पार्टीको 'घर फर्क राष्ट्रिय अभियान' शुभारम्भ कार्यक्रममा महासचिव पोखरेलले नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा देश अप्ठ्यारोमा पर्दा एमालेले सही बाटोमा ल्याउने काम गरेको उल्लेख गरे । नेपाली समाजलाई विखण्डनबाट जोगाउने होस् वा राष्ट्रिय स्वतन्त्रता र स्वाभिमान स्थापित गर्ने कुरामा एमालेले सधैँ अगुवाइ गरेको उनले बताए ।

मनमोहन अधिकारीले सुरु गरेको सामाजिक सुरक्षा कार्यक्रमलाई नेकपा एमाले नेतृत्वको सरकारले विकास र विस्तार गरेको स्मरण उनले गराए ।

एमालेलाई राष्ट्रिय शक्ति बनाउन सबै वामपन्थी, राष्ट्रवादी शक्ति एमालेमा एकत्रित हुन जरुरी भएको महासचिव पोखरेलको भनाइ थियो ।रासस

# दृष्टिविहीन टी–२० महिला विश्वकप

# खेल्न नेपाली टोली भारततर्फ

**काठमाडौं।**
भारत र श्रीलङ्कामा संयुक्त रुपमा आयोजना हुन लागेको पहिलो महिला दृष्टिविहीन टी–२० विश्वकप क्रिकेट खेल्न नेपाली टोली सोमबार भारत प्रस्थान गरेको छ।

यही कात्तिक २५ गतेदेखि आयोजना हुने उक्त प्रतियोगितामा सहभागी हुन जाने नेपाली टोलीलाई बागमती प्रदेश अपाङ्ग महासङ्घका अध्यक्ष उपेन्द्र श्रेष्ठ, राष्ट्रिय अपाङ्ग महासङ्घका केन्द्रिय महासचिव सुगम भट्टराईलगातले सफलताको शुभकामना दिँदै बिदाइ गरे। नेपालले पहिलो खेल कात्तिक २६ गते श्रीलङ्कासँग खेल्ने छ।

विश्वकपमा नेपालसहित भारत, श्रीलङ्का, पाकिस्तान, अस्ट्रेलिया, अमेरिका र इङ्ल्याण्ड सहभागी छन्।रासस

# राजस्व बक्यौता उठाउन ‘एसएमएस’

**चितवन।**
आन्तरिक राजस्व कार्यालय भरतपुरमा ५ हजार ७ सय १५ ग्राहकको बक्यौता उठाउन बाँकी रहेको छ। उनीहरूबाट १ अर्ब ५४ करोड ५४ लाख ५ हजार रुपैयाँ बढी राजस्व सङ्कलन हुन बाँकी रहेको हो।

कार्यालय सूचना अधिकारी रामकुमार अधिकारीका अनुसार बक्यौता उठ्न बाँकी रहेका ग्राहकहरूको बक्यौता उठानका लागि कार्यालयले सबै ग्राहकलाई एसएमएस गरेर जानकारी गराइसकेको छ।

उनले भने, ‘बक्यौता उठाउनका लागि म्यासेज पठाउने काम गरेका छौँ । ग्राहकहरू आउनुहुनेछ भन्ने विश्वास छ।’

कर सङ्कलनका लागि कार्यालयले करदाता शिक्षा, घरदैलो कार्यक्रम, पालिका र वडाअनुसार करदाताको सूची तयार गरेर पत्राचार गर्ने, सङ्कलन भ्रमण गर्ने लगायतका कामहरू गरिएको उनले बताए।

बक्यौता रकम तिर्न बाँकी रहेका ग्राहकमध्ये २२ जनाको बैंक खाता रोक्का गरिएकामा दुई जनाले कर तिरेर खाता फुकुवा गरेको छन्।

यस कार्यालयले असोज मसान्तसम्म ५ अर्ब ५१ करोड ३५ लाख ३४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । राजस्व विभागले तोकेको लक्ष्यको ९७ दशमलव ४७ प्रतिशत राजस्व उठाउन सफल भएको उनले बताए । उनका अनुसार विभागले ५ अर्ब ६५ करोड ६५ लाख ५३ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य तोकेको थियो । जेन्जी आन्दोलनमा जलेको कार्यालयले भदौ २९ गतेदेखि सेवा दिन सुरु गरेको छ । यस कार्यालयमा ७२ हजार बढी करदाता रहेको उनले बताए । रासस

# २३ लाख बराबारको अवैध सामान बरामद

**रुपन्देही।**
जिल्ला प्रहरी कार्यालय रुपन्देहीले दुई दिनमा झण्डै २३ लाख बराबरको अवैध सामान बरामद गरेको छ । यही कात्तिक २१ र २२ गते जिल्लाका विभिन्न स्थानमा जाँच गर्ने क्रममा अवैधरुपमा भन्सार छली, चोरी पैठारी गरिएको अन्दाजी २२ लाख ८८ हजार २ सय २८ रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको रुपन्देही प्रहरीले जनाएको छ।

नियन्त्रणमा लिइएका सामान यही कात्तिक २३ गते आवश्यक कारबाहीका लागि भैरहवा भन्सार कार्यालय बेलहिया, रुपन्देही पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक सुरज कार्कीले जानकारी दिए।

उनका अनुसार जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले रोहिणी गाउँपालिका–२ स्थित मैनिहवाबाट ऊलन लेडिज कुर्ता, बच्चाको मोजा, टोपी, टाउजर सेट, हुडी, जेन्स मोजा गरी एक लाख २५ हजार ८ सय बराबरको सामान बरामद गरेको छ । त्यस्तै इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको टोलीले तिलोत्तमा नगरपालिका–३ स्थित शङ्करनगरबाट भारतीय नम्बर प्लेट कारको पछाडी सिटमुनी लुकाइछिपाइ बिलबिजक नभएको सामान बरामद गरेको छ। सामान र कारसहित गरी १८ लाख ४० हजार २ सय २८ रुपैयाँ बराबरको सामान बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले कारबाट ल्यापटपको चार्जर झोला, पहेँलो रगको धातुबाट बनेको जस्तो देखिने गाई आकारको मुर्ति, मदिराका बोतल, विभिन्न कम्पनीका मोबाइलको डिस्प्ले र डिस्प्लेका प्याकेट र गमको प्याकेटहरु बरामद गरेको छ।

त्यसैगरी प्रहरी चौकी शिवपुर गोनाहा र प्रहरी चौकी मर्यादपुरबाट खटिएको संयुक्त टोलीले मायादेवी गाउँपालिका–५ स्थित गोनाहाबाट लु २२ प १२५७ नम्बरको मोटरसाइकल, ऊलन लेडिज सुट, ऊनि सल, काँचो कपडा, लेडिज बाक्लो ऊलन सुट, काँचो कपडा गरी तीन लाख २२ हजार २ सय रुपैयाँ बराबरको सामान बरामद गरेको छ।रासस

# गण्डकी प्रदेश सङ्ग्रहालयमा कोसेली घर बन्दै

**गण्डकी।**
गण्डकी प्रदेश सङ्ग्रहालयमा निर्माणाधीन मौलिक (कोसेली) घरको शिलान्यास गरिएको छ । गण्डकी प्रदेशको सांस्कृतिक विविधता र मौलिक पहिचान झल्काउने गरी पोखरा महानगरपालिका–९ नयाँबजारस्थित गण्डकी प्रदेश सङ्ग्रहालय परिसरमा निर्माणाधीन कोसेली घरको सोमबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शिलान्यास गरे।

कार्यक्रममा मुख्यमन्त्री पाण्डेले यस भवनले प्रदेशको सांस्कृतिक सम्पदाको संरक्षण, अध्ययन, अनुसन्धान र पर्यटन प्रवद्र्धनमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गर्दै मौलिक घर निर्माणपछि प्रदेशको सांस्कृतिक पहिचान झल्काउने मात्र नभई आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने केन्द्र बन्ने बताए । प्रदेश सरकारले सुशासन र पारदर्शिता कायम गर्दै भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय उपलब्धि हासिल गरिरहेको उनले बताए।

प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री बिन्दुकुमार थापाले सांस्कृतिक सम्पदाको संरक्षण स्थानीयस्तरको सहयोग अपरिहार्य हुने बताए । गण्डकी प्रदेश प्राकृतिक सुन्दरता, जातीय विविधता र सांस्कृतिक समृद्धिको केन्द्र भएको र यस प्रदेशमा पाइने मौलिक संस्कृति आधुनिक प्रभावका कारण लोप हुने अवस्थामा पुगेकाले तिनको संरक्षण, अध्ययन तथा प्रदर्शन नै सङ्ग्रहालयको प्रमुख उद्देश्य भएको उनको भनाइ थियो।

कोसेली घरले प्रदेशका ग्रामीण बस्तीमा प्रचलित कला, शिल्प र वास्तुकलाको रूप झल्काउने उल्लेख गर्दै मन्त्री थापाले लोपोन्मुख कला र शैलीको जगेर्ना गर्दै आगन्तुकलाई गण्डकी प्रदेशको मौलिक वास्तुकला तथा जीवनशैलीबारे प्रत्यक्ष जानकारी दिने उद्देश्यस्वरुप उक्त भवनको निर्माण गर्न लागिएको जानकारी दिए।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका निमित्त सचिव दामोदर सुवेदीले गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका क्रमागत योजनाअन्तर्गत सञ्चालित परियोजनाको कुल लागत दुई करोड ८३ लाख रुपैयाँ रहेको जानकारी दिए । कोसेली घर आगामी असार मसान्तसम्म निर्माण गर्न सम्झौता भएको छ। कार्यक्रममा पोखरा–९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी, सङ्ग्रहालयका प्रमुख करुणा राईलगायतको उपस्थिति रहेको थियो।रासस

# उन्नत जातका धानखेतीतर्फ आकर्षण



**म्याग्दी ।**
गुणस्तरभन्दा उत्पादनलाई प्राथमिकता दिँदै उन्नत जातको धानबालीतर्फ जिल्लाका किसान रमाइरहेका छन् । धानखेतीका लागि उर्वरभूमिका रुपमा परिचत ज्यामरुककोट, रत्नेचौर, पुलाचौर, बाबियाचौर, राखुलगायतका फाँटहरुमा रैथाने जातलाई विस्थापित गर्दै उन्नत जातका धान लगाउने चलन बढेको छ ।

करिब दुई दशकअघिसम्म म्याग्दीका सबैजसो फाँट खेतहरूमा गौरिया, गुड्रा, जेठोबुढो, ताकमारे, जौधानलगायतका रैथाने जातिका धान लगाउने चलन थियो । तर, अहिले यहाँका फाँटमा स्थानीय जातको धान पाउन करिब मुस्किल हुने भएको छ । जिल्लास्थित कृषि प्राविधिकका अनुसार अहिले यहाँ स्थानीय जातका धान लगाउने चलन करिब हराइसकेको छ । रैथाने धानका विकल्पमा नयाँ–नयाँ उन्नत जातका धान लगाउने चलन बढ्दो छ । बेनी नगरपालिका–१ रत्नेचौरमा उत्पादन हुने औषधीय गुणसमेत भएको ‘जौधान’ लगाउन छोडेपछि यहाँस्थित लोकप्रिय एवं प्रसिद्ध ‘भुजा’ इतिहासमा सीमित बन्न पुगेको छ ।

कृषि ज्ञान केन्द्र म्याग्दीले स्थानीय जातको धानको बीउ संरक्षण र उत्पादनमा जोड दिए पनि कृषकले नै उन्नत जातको धान रोज्न थालेपछि स्थानीय धान संरक्षण अभियान सङ्कटमा परेको स्पष्ट गरेको छ । जिल्लाको मङ्गला गाउँपालिकाले रैथाने जातका धानको बीउ संरक्षणका लागि पहल गरिरहेको कृषि प्राविधिक प्रशान्त पौडेल बताउछन । रैथाने जातका धान बालीमा रोगसँग लड्ने क्षमता कम हुने भएकाले रोग प्रतिरोधी जातसँग ‘क्रसिङ’ गरेर परम्परागत जातहरू संरक्षण गर्ने अभियानमा पालिका जुटेको छ । लोपोन्मुख जातको संरक्षणका लागि बीउ सङ्कलन गरी खुमलटारस्थित ‘जिन’ बैङ्कमा राख्ने गरिएको प्राविधिक पौडेल बताउछन ।

वासनामय ‘गौरिया’ धान अहिले बगरफाँटका खेतमा पाइनै छाडेको स्थानीय पदमपाणि शर्मा ब ताउछन । उनका अनुसार पहिलापहिला बगरफाँटमा झुल्ने गौरिया र गुड्रा धान खेत वरपरसमेत हर्हर बास्ना आउने गरेकामा अहिले रासायनिक मल प्रयोग गरेकै कारण होला, भान्छामा पनि बास्ना आउन छाडेको छ । ‘उत्पादन त कम हुने नै भयो, पहिलोको तुलनामा स्वाद पनि हराएको छ,’ उनले भने । समुद्री सतहबाट करिब ३ सय मिटरदेखि एक हजार २ सय मिटरको उचाइमा फल्ने यी धान यहाँका प्राचीन रैथाने जात हुन् ।

पछिल्ला वर्षमा गौरिया, गुड्रा, आँगा, जौ, भट्टे, मार्सी, ठिमुहा, जेठोबुढो, पोखरेली, ताकमारे बर्मेली, एक्लेजस्ता धान विस्थापित नै भइसकेको कृषकहरु बताउँछन् ।

कृषि ज्ञान केन्द्र म्याग्दीका अनुसार जिल्लामा तीन हजार ८९० हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ ।गौरीया, गुड्रा जेठो बूढो, जर्नेली, पहेँले, मार्सी, ताकमारे, भट्टे, छमरुङजस्ता रैथाने जातका धान लगाउने चलन कम हुँदै गएको र माछापुच्छ्रे«, अन्नपूर्ण–३, खुमल–४, खुमल–१०, लुम्ले–२ लगायतका उन्नत जातका धानखेतीतर्फ कृषक आकर्षित हुने गरेको देखिन्छ ।रासस

# बीबीसीका महानिर्देशक र समाचार प्रमुख राजीनामा दिन बाध्य

**अमेरिका।**
विश्वको सबैभन्दा प्रतिष्ठित सार्वजनिक प्रसारण संस्थामध्ये एक, बीबीसीमा दुई महत्वपूर्ण जिम्मेवारीमा रहेका व्यक्तिहरुले राजीनामा दिएसँगै अहिले विश्वभर फेरि एकपटक ट्रम्पको भाषणको समाचार तोडमोड प्रकरणले स्थान पाएको छ।

आफ्नो इतिहासकै सबैभन्दा गम्भीर सम्पादकीय संकटको चपेटामा परेको बीबीसीले अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको एक भाषणलाई भ्रामक तरिकाले सम्पादन गरी प्रसारण गरेपछि चर्किएको विवादले अन्तत संस्थाका दुई सर्वोच्च अधिकारीहरूले पद त्याग गर्नुपर्ने अवस्था सिर्जना भएको हो।

आइतबार राति बीबीसीका महानिर्देशक टिम डेभी र समाचार तथा समसामयिक मामिला विभाग प्रमुख डेबोरा टर्नेसले आफ्नो राजीनामा घोषणा गरे। यो अभूतपूर्व घटनाले बीबीसीको सम्पादकीय निष्ठा, स्वतन्त्रता र विश्वसनीयतामाथि गम्भीर प्रश्न चिन्ह खडा गरेको छ।

**‘के थियो प्यानोरमा’को त्यो विवादित सम्पादन ?**

यो सम्पूर्ण विवाद र संकटको कारण भने बीबीसीको प्रसिद्ध अनुसन्धानात्मक कार्यक्रम ‘प्यानोरमा’ को एक वृत्तचित्र रह्यो। वृत्तचित्रमा ६ जनवरी २०२१ मा अमेरिकी क्यापिटल हिलमा भएको दङ्गाको सन्दर्भमा डोनल्ड ट्रम्पको भाषण समावेश गरिएको थियो । आलोचकहरूका अनुसार, कार्यक्रमले ट्रम्पको भाषणका दुई फरक–फरक भागलाई जोडेर त्यसको अर्थ आफूअनुकुल लाग्ने बनाइएको थियो । अर्थात ट्रम्पले सोझै दङ्गा गर्न उक्साएको अर्थ लाग्ने गरी त्यसको सम्पादन गरिएको थियो।

ट्रम्पको वास्तविक भाषणमा उनले सुरुमा ‘हामी क्यापिटल हिलतिर जानेछौं अनि हाम्रा साहसी सिनेटरहरू र कङ्ग्रेसमेन र विमेनहरुको उत्साह बढाउने छौं’ भनेका थिए । त्यसको करिब ५० मिनेटपछि उनले अर्को सन्दर्भमा ‘अनि हामी सङ्घर्ष गर्छौं’, हामी बेस्सरी सङ्घर्ष गर्छौं’ भनेका थिए । तर ‘प्यानोरमा’ ले यी दुई फरक अंशलाई बीचको लामो अन्तराल र सन्दर्भलाई हटाएर ‘हामी क्यापिटलतिर जानेछौं’ ‘अनि हामी सङ्घर्ष गर्छौं । हामी बेस्सरी सङ्घर्ष गर्छौं’ जस्तो सुनिने गरी जोडेर प्रसारण गर्‍यो । यो सम्पादनले ट्रम्पले आफ्ना समर्थकलाई क्यापिटलमा गएर ‘सङ्घर्ष’ गर्न (जसलाई हिंसात्मक रूपमा व्याख्या गरियो) सीधै निर्देशन दिएको भान पर्‍यो।

**आन्तरिक परिपत्र बाहिरिएपछि राजीनामा**

बीबीसीको एक आन्तरिक परिपत्रबाट यो सम्पादनको विषयमा गम्भीर त्रुटि भएको दाबी गरिएको थियो जुन त्रुटि सार्वजनिक भएसँगै उनीहरुमाथि दबाब पर्‍यो । बीबीसीको यो आन्तरिक छानबिनलाई ‘द टेलिग्राफ’ पत्रिकाले प्रकाशित गरेको थियो । बीबीसीको सम्पादकीय मापदण्ड समितिका पूर्व स्वतन्त्र परामर्शदाता माइकल प्रेस्कटद्वारा लिखित परिपत्रले ‘प्यानोरमा’ को सम्पादन ‘भ्रामक’ भएको ठहर गरेको थियो। यही परिपत्र टेलिग्राफबाट बाहिरिएसँगै यो विषयमा ‘आगोमा घिउ’ थप्ने काम गर्‍यो। जसले बीबीसी व्यवस्थापनमाथि कारबाहीका लागि चौतर्फी दबाब सिर्जना गर्‍यो। पछिल्लो पाँच वर्षदेखि महानिर्देशक रहेका टिम डेभीमाथि केवल यो एक मात्र दबाब थिएन ।

बीबीसीले हालैका दिनमा पूर्वाग्रहको आरोपमा श्रृंखलाबद्ध विवाद सामना गरिरहेको थियो।

बीबीसी अरेबिक सेवामा इजरेल–गाजा युद्धको कभरेजमा ‘प्रणालीगत समस्या’ र पूर्वाग्रह रहेको आरोप लागेको थियो। यसैगरी, एलजिबिटी रिपोर्टरहरूले परलिङ्गी (ट्रान्सजेन्डर) मुद्दासम्बन्धी विषयवस्तुको कभरेजमा ‘सेन्सर’ गर्ने गरेको गम्भीर आरोप पनि सोही परिपत्रमा थियो । केही समयअघि मात्र, प्रस्तोता मार्टीन क्रोक्सलले प्रत्यक्ष प्रसारणमा ‘प्रेग्नन्ट पीपल’ (गर्भवती व्यक्तिहरू) लेखिएको स्क्रिप्टलाई परिवर्तन गरेको विषयमा बीबीसीविरुद्ध २० वटा उजुरी सही ठहरिएका थिए । यसबाहेक, गाजाबारेको एक वृत्तचित्रमा मुख्य पात्र हमास अधिकारीको छोरा भएको तथ्य लुकाएको भन्दै बीबीसीको आलोचना भएको थियो।

यिनै श्रृंखलाबद्ध संकटको अन्तिम जिम्मेवारी लिँदै डेभी र टर्नेसले राजीनामा दिएका हुन्। डेभिले भने, ‘सबै सार्वजनिक संस्थाजस्तै बीबीसी पनि दोषरहित छैन । हामी खुला, पारदर्शी र उत्तरदायी हुनुपर्छ । केही गल्ती भएका छन् र महानिर्देशकका रूपमा मैले अन्तिम जिम्मेवारी लिनुपर्छ।’

त्यस्तै समाचार प्रमुख डेबोरा टर्नेसले ‘प्यानोरमा विवादका कारण बीबीसीलाई क्षति पुगेको छ, म त्यसको पूरा जिम्मेवारी लिन्छु । यद्यपि, म स्पष्ट पार्न चाहन्छु कि बीबीसी संस्थागतरूपमै पूर्वाग्रहप्रेरित छ भन्ने अहिलेका आरोपहरू गलत छन्।’

**ट्रम्प र ह्वाइट हाउसको कडा प्रतिक्रिया**

बीबीसीको यो सम्पादन प्रकरण बाहिर आउनासाथ ह्वाइट हाउसले बीबीसीलाई ‘शत प्रतिशत फेक न्यूज’ को संज्ञा दिएको थियो। आफ्नो भाषण तोडमोड भएको विषयमा बीबीसीका शीर्षस्थ अधिकारीहरूको राजीनामा आएपछि डोनल्ड ट्रम्पले पनि कडा प्रतिक्रिया दिएका छन् । उनले भने, ‘उनीहरू निकै बेइमान व्यक्ति हुन् जसले राष्ट्रपति निर्वाचनलाई प्रभावित पार्ने प्रयास गरे ।’ ट्रम्पले लेखे, ‘मेरो निकै राम्रो (उत्कृष्ट !) भाषण ‘तोडमरोड’ गर्दा उनीहरू समातिए । यो प्रजातन्त्रका लागि कति भयानक कुरो !

बीबीसीका अध्यक्षले यो घटनालाई बीबीसीका लागि ‘एउटा दुःखद दिन’ भनी टिप्पणी गरेका छन् । उनले डेभी र टर्नेसको राजीनामाको घोषणा हुनुअघि नै ट्रम्पको भाषणबारे संसदीय समितिमा बयान दिने र क्षमायाचना गर्ने तयारी गरेका थिए । एकैदिन दुई सर्वोच्च अधिकारीहरूको बहिर्गमनले बीबीसीलाई नेतृत्वविहीन मात्र बनाएको छैन, यसले विश्वभरका करोडौँ स्रोता र दर्शकको विश्वासमा टिकेको संस्थाको सम्पादकीय मापदण्डमाथिको विश्वासमा समेत गहिरो धक्का पुर्‍याएको विश्वास गरिएको छ।एजेन्सी

# सिटिजन्स बैंक र एकता बुक्सबीच सम्झौता

**काठमाडौं ।**
सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र थापाथलीस्थित एकता बुक्सबीच बैंकका ग्राहकहरूलाई विशेष छुट प्रदान गर्ने समझदारी पत्रमा हस्ताक्षर गरिएको छ । सम्झौताअनुसार सिटिजन्स बैंकका डेबिट वा क्रेडिट कार्ड प्रयोगकर्ता तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकहरूले एकता बुक्सका थापाथली, मानभवन, पोखरा र इटहरी शाखामा खरिद गर्दा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् ।

बैंकले यस सहकार्यबाट ग्राहकहरूलाई प्रत्यक्ष लाभ पुग्ने र नगद सट्टी घटाई डिजिटल कारोबारलाई अझ प्रोत्साहन गर्ने विश्वास व्यक्त गरेको छ ।

साथै, डिजिटल माध्यमबाट प्राप्त हुने छुट तथा अफरहरूको विस्तृत जानकारी सिटिजन्स बैंकको आधिकारिक वेबसाइटमा हेर्न सकिने बैंकले जनाएको छ ।

# ‘विश्व भोकमरी सूचाङ्क–२०२५’ को प्रतिवेदन सार्वजनिक



कर्णाली।
कर्णालीमा ‘विश्व भोकमरी सूचाङ्क–२०२५’ को प्रतिवेदन सार्वजनिक गरिएको छ।
कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले प्रतिवेदन सार्वजनिक गरेका हुन्। वेल्ट हङ्गर हिल्फेको सहयोगमा जैविक विविधता तथा अनुसन्धानका लागि स्थानीय पहल (लिबर्ड)द्वारा सुर्खेत वीरेन्द्रनगरमा आयोजित प्रतिवेदन सार्वजनिक गर्दै मन्त्री शाहले ‘विश्व भोकमरी सूचाङ्क–२०२५’ को प्रतिवेदन सार्वजनिक गर्दा नेपाल र त्यसमा कर्णालीले सुधार्नुपर्ने कुरा मार्गनिर्देशन भएको बताए।

उनले शून्य भोकमरी अभियानलाई टेवा पु¥याउन कर्णाली सरकारले खाद्य सम्प्रभुता ऐन, प्राङ्गारिक कृषि ऐन, कृषि व्यवसाय प्रवद्र्धन ऐन, कृषि रणनीतिका साथै परागशेचन रणनीतिको (मस्यौदा) तयार गरेको जनाए। मन्त्री शाहले भने, ‘कर्णालीमा खेतीयोग्य जमिन कम छ। यद्यपि कम जमिनबाट बढी मूल्यका वस्तु उत्पादन गर्न सक्ने गरी सरकारले लागेको छ।’

सार्वजनिक प्रतिवेदनले सूचाङ्कमा उल्लेख भएका बुँदाहरुले कर्णाली प्रदेश सरकारको नीति निर्माणमा सहयोग पु¥याउने जनाउँदै उनले कृषिसँग सम्वद्ध कर्मचारीहरु र कृषकहरुले यसले विशेष मद्दत पुग्ने बताए। यो प्रतिवेदनमा उल्लेख विषयवस्तुहरु स्थानीय तहका जनप्रतिनिधिहरु, प्रदेशका सचिव र कृषि विज्ञहरुले अनिवार्य अध्ययन गर्नुपर्ने उनको भनाइ छ।

लिबर्डका कार्यक्रम प्रमुख लक्ष्मण खत्रीले विगत सात वर्षदेखि लिबर्डले नेपालमा भोकमरी सूचाङ्क प्रतिवेदन सार्वजनिक गर्दै आएको जनाउँदै नेपालमा पुड्कोपन हटाउन नसकिए पनि ख्याउटेपन, बाल मृत्युदरमा सुधार आएको उल्लेख गरे। दीगो विकास लक्ष्य अनुसार पोषणसम्बन्धी बहुआयामिक कार्यक्रम कार्यान्वयन गर्नसके भोकमरी शून्यमा झार्न सकिने उनको भनाइ छ।

‘यसमा तीनै तहका सरकारले प्राथमिकताका साथ काम गर्नुपर्छ’, उनले भने, ‘खाद्य असुरक्षा हटाउन कर्णाली र सुदूरपश्चिममा कृषि र पोषणसम्बन्धी हामीले कार्यक्रम सञ्चालन गरिरहेको छौँ। कार्यक्रम लागू भएका ठाउँमा केही सुधार आएको छ।’

वेल्ट हङ्गर हिल्फेका देशीय निर्देशक साकिव नावीले कुरा गर्ने र योजना बनाउने मात्रै नभई कार्यान्वयन गर्नेगरी तीनवटै तहका सरकारले काम गर्नसके भोकमरी शून्यमा झार्न सकिने बताए।

विज्ञ विकास देउजाले विश्वभर विभिन्न राजनैतिक द्वन्द्वका कारण भोकमरी शून्यमा झार्ने लक्ष्य हासिल हुन चुनौती रहेको बताए।

विश्वमा नेपाल मध्यम रहेको जनाउँदै उनले यही गतिमा काम गर्दै जाँदै भोकमरी शून्यमा झार्न विश्वलाई अँझै सय वर्ष लाग्ने बताए। नेपालले पनि सन् २०३० सम्म भोकमरी अन्त्य गर्ने लक्ष्य राखे पनि नेपालमा कूल जनसङ्ख्याको ५.२ प्रतिशत जनसङ्ख्या गम्भीर भोकमरीको समस्यामा रहेको उनको भनाइ थियो।

पोषणविज्ञ सोमाकुमारी रानाले भोकमरीको सूचाङ्कमा विश्वका १२३ देशमध्ये नेपाल ७२औँ स्थानमा रहेको बताए। सन् २०१६ देखि यहाँसम्म आउदाँ खाद्य सुरक्षामा खासै सुधार नआएको जनाउँदै उनले भने, ‘नेपालमा अहिले पनि हरेक आठ जनामा एक जना भोकै हुन्छ। हरेक पाँच जना बालबालिकामा एक जनाले खान नै पाउँदैन। कर्णालीमा ३२ प्रतिशत परिवार खान नपुग्ने अवस्थामा छन्् । यस्तो अवस्था अन्त्य गर्न सबै निकाय जुट्नुपर्छ।’

वेल्टहंगरहिल्फे, कन्सर्न वल्डवाइड र आइएफएचभीले विश्व, क्षेत्रीय र राष्ट्रियस्तरमा भोक तथा कुपोषणको स्थिति मापन र मूल्याङ्कन गर्न वार्षिक रुपमा ‘ग्लोबल हंगर इन्डेक्स’ प्रतिवेदन जारी गर्रिदै आएको बताइएको छ। प्रतिवेदन सार्वजनिक कार्यक्रममा सहभागीहरुले शून्य भोकमरी अभियानलाई सहयोग पुग्ने कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता औँल्याएका थिए।

कार्यक्रममा कर्णाली तथा सुदूरपश्चिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवद्वय सञ्जीवकुमार कर्ण र शङ्कर शाह, बुढीगङ्गा नगरपालिका बाजुराका नगरप्रमुख रामबहादुर बानिया, बराहताल गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी पुन, युनिसेफ बहुक्षेत्रीय पोषण योजनाका पोषण अधिकृत शेरबहादुर दहितसँग लिबर्डका रिता गुरुङले सुदूरपश्चिम र कर्णालीको रेथानेबाली, पोषण, खाद्य सुरक्षा, बनेका नीति एवं ऐन र भएका सफल अभ्यासका बारेमा छलफल सत्र सञ्चाल गरे थियो।रासस

# अभिनय यात्राको सत्र वर्षपछि मुख्य भूमिकामा चौरासिया



**काठमाडौँ।**
अब्बल अभिनेताका रुपमा परिचित कामेश्वर चौरासियाले कलाकारिता शुरू गरेको झण्डै सत्र वर्षपछि मुख्य भूमिकामा देखिएका छन्। कलाकार बन्ने सपना बोकेर पर्सादेखि काठमाडौँ आएका अभिनेता चौरासियाले विसं २०७२ मा प्रदर्शन भएको चलचित्र ‘रेशम फिलिली’ मार्फत चर्चा पाए। चलचित्रमा हरिया पात्रले उहाँको लोकप्रियता आम दर्शकसम्म पु¥यायो। उही अभिनेता चौरासियाले मुख्य भूमिका निर्वाह गरेभएको चलचित्र ‘अभिमन्युः च्याप्टर १’ आगामी मङ्सिर १८ गतेदेखि नेपालभर प्रदर्शन हुँदैछ।

‘मैले यही क्षणको प्रतीक्षा गरिरहेको थिएँ। यो समयका लागि मैले धैरै मेहनत गरेको छु। मधेशको कथामा बनेको चलचित्र भएकाले निर्माण पक्षले मलाई रोज्नु स्वाभाविक हो। यो मेरो सङ्घर्षको फल हो र मैले पात्रलाई जीवन्त बनाउन सकेको प्रयत्न गरेको छु’, अभिनेता चौरासियाले भने।

पहिलोपटक आफूले कथालाई अगाडि बढाउने अवसर पाउँदा अभिनेता चौरासियाले बाल्यकालमै कलाकारिता गर्ने सपना पूरा भएको महसुस गरेको छ। तर, उनि कलाकारिताको यात्रा त्यति सहज भने थिएन। ‘अभिनय गर्ने लक्ष्य राखेपछि पढाइलाई मैले प्राथमिकतामा राखिन। काठमाडौँ आएपछि भोकमरी र बेरोजगारीको कठोर अनुभव सहेँ। अभिनयप्रतिको मोहका कारण विदेश जाने दबाबका बीच आफ्नो शैक्षिक प्रमाणपत्र नष्ट गरेर नेपालमै बस्ने निर्णय गरे। त्यसपछि परिवारसँगको सम्बन्ध पनि टाढियो’, उनले भने। अभिनय सिक्ने जोशमा उनले भारतको दिल्लीसम्म पुगेर प्रयास गरे, तर सफल हुन सकेनन। फलतः नेपालमै ‘एक्टर्स स्टुडियो’ बाट अभिनय सिक्ने र रङ्गमञ्चमा प्रस्तुती दिंदै कलाकारिता यात्राको शुरूआत गरे।

‘रेशम फिलिली’ मा ‘हरिया’ पात्रमार्फत दर्शकको ध्यान तान्न सफल भएपछि निर्देशकले उनलाई खोज्न थाले। तर, उनको सपना झै मुख्य भूमिका नभई सहायक र ‘हरिया’ जस्ता भूमिका प्रस्ताव भए। मुख्य भूमिकामा केही फरक गर्न चाहन्थेँ। त्यसकारण मैले केही प्रस्ताव स्वीकार गरिन। जब मैले केही प्रस्ताव अस्वीकार गरेँ, त्यसको असर मेरो करियरमा पऱ्यो, मलाई चलचित्रमा अभिनय गर्ने प्रस्ताव आउनै छाड्यो’, अभिनेता चौरासियाले भने। आफूले सोचे जस्तो चलचित्रमा भूमिका नपाएपछि उहाँले केही समय अभिनयदेखि टाढा रहँदै माछा बेच्ने काम गरे। तर, कोरोना महामारीका कारण त्यो सफल हुन सकेन। अभिनयबाहेकका काममा निरन्तर असफल भइरहँदा उहाँलाई चलचित्र ‘फेरि रेशम फिलिली’ मा अभिनय गर्ने प्रस्ताव आयो। पाँच वर्षपछि आफ्नै कर्ममा फर्किनुभएका अभिनेता चौरासियालाई एकदिन निर्माता विनोद पौडेलले मुख्य अभिनेताको प्रस्ताव गरे।

‘मैले जीवनभर जसका लागि सङ्घर्ष गरेँ, त्यो मौका अब पाएको छु। त्यो क्षण शब्दमा वर्णन गर्न सक्दिन। यो सन्तुष्टिले मेरो जीवनलाई पूर्णता दिएको छ’, उनले भने। चलचित्र ‘अभिमन्युः च्याप्टर १’ मा उनले परिवारप्रति जिम्मेवार र सुरक्षात्मक पात्रको भूमिका निर्वाह गरेका छन्।

मधेशको पृष्ठभूमिमा आधारित चलचित्रमा उहाँसँगै किरण श्रेष्ठ, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, शिशिर वाङ्देल, प्रकाश दाहाल र सुष्मा निरौलालगायत कलाकारले अभिनय गरेका छन्।

चलचित्रमा सुशान्त गौतमले निर्देशन, मुकेश खनालले लेखन, शरद महतोले छायाङ्कन र मदन घिमिरेले सम्पादन गरेका छन्।रासस

# नजिकबाट माछापुच्छ्रे नियाल्न ‘हेम्जाकोट’

**गण्डकी।**
आँखै अगाडी चाँदीझैँ टलक्क टल्कने माछापुच्छे हिमालसहितको मनोरम हिमश्रृङ्खला, वरिपरि हरियाली वनङ्ज्गल एवम् ढुङ्गाले छपक्क छापिएको बाटा तथा घरहरू। यो हेम्जाकोट हो, जहाँबाट दक्षिणतर्फ पोखरा देखिन्छ। हालसम्म आरोहण नभएका कारण हिमालको उपमा पाएको माछापुच्छ्रेको काखमा रहेको यो गाउँ कास्कीको माछापुच्छ्रे गाउँपालिका–६ मा पर्दछ।

प्रकृतिकसँगै ऐतिहासिक महत्वको यो गाउँ नेपालका वाइसे चौवीसे राजका पालादेखि अस्तित्वमा रहेको बताइन्छ। गाउँ माथिको कोत (कोट)मा तत्कालीन समयमा राजाहरूको दरबार रहेको र यही कोटको नामबाट गाउँको नाम हेम्जाकोट रहेको हुनसक्ने सामुदायिक हेम्जाकोट होमस्टेका अध्यक्ष इश्वर गुरुङले जानकारी दिए। गुरुङका अनुसार गाउँकै अर्कोतर्फ टाकुरामा जङ्गलको बीचमा अर्को जयकोट नाम गरेको कोट छ। यस कोटमा पनि बलिपूजा गर्ने प्रचलन छ। जय कोटमा दिइएको बलीको प्रसाद महिलाले खान नहुने तथा घरमा पनि लैजान नहुने विश्वास गरिन्छ। धार्मिक एवम् ऐतिहासिक रुपमा चर्चा कर्माएको यो क्षेत्र प्राकृतिक रुपमा उत्तिकै मोहक छ। यहाँको प्राकृतिक सौन्दर्यता एवम् ऐतिहासिकतालाई पर्यटनसँग जोड्ने लक्ष्यका साथ २०६२ सालदेखि घरवास सञ्चालन गरिएको छ।

शुरूमा आफूले एउटा घरबाट घरवास कार्यक्रम शुरू गरेको अनुभव सुनाउँदै गुरुङले त्यसयता यहाँका १६ वटासम्म घरमा घरवास सञ्चालन भएको जानकारी दिए। ‘यहाँ कोभिड अघिसम्म १६ वटा घरमा घरवास सञ्चालन भएकोमा त्यस पछि भने १२ वटा घरमा मात्रै घरवास सञ्चालनमा छ’, उनले भने, ‘पहिला पर्यटन बोर्डमा घरवास दर्ता भएकामा अहिले माछापुच्छ्रे गाउँपालिकामा दर्ता गरिएको छ।’

आउने पर्यटकलाई राम्रो आतिथ्यता प्रदान गर्दै आएका यहाँका स्थानीयले पर्यटकका लागि खाजा, बेलुकाको खाना, बास र बिहानाको नास्तासहित एक हजार २०० रुपैयाँको प्याकेज निर्धारण गगरेका छन्। पोखरा महानगरपालिका–१ को सिमपानीदेखि हेम्जाको याम्दी, मिलनचोक, मेलबोट हुँदै माछापुच्छ्रे गाउँपालिकाको धितालबाट तीन किलोमिटर अगाडि हेम्जाकोट गाउँ छ। पोखराको सिमपानीबाट १८ किमी दूरीमा रहेको यस ठाउँमा अधिकांश गुरुङ समुदायको बसोबास छ। ५० घर रहेको बस्तीका १२ घरमा ८० जनासम्म पाहुना अटाउने गरी व्यवस्था गरिएको छ। यो सामुदायिक होमस्टे विसं २०७२ मा पर्यटन मन्त्रालयद्वारा उत्कृष्ट गाउँ पर्यटन गन्तव्य घोषित भएको थियो।

यहाँबाट माछापुच्छ्रे««सहित अन्नपूर्ण, लमजुङलगायत हिमालका साथै छिमेकी गाउँ ल्वाङको चियाबारी आदि एकसाथ अवलोकन गर्न सकिन्छ। यो गाउँ ‘माछापुच्छ्रे मोडल ट्रेक’मा पर्ने भएकाले पर्यटकीय मौसममा स्वदेशी एवम् विदेशी पर्यटकको भीड लाग्ने गर्दछ।

रमणीय गाउँ भए पनि यहाँ अझै अपेक्षित पर्यटकको आगमन बढाउन नसकिएको अर्का घरवास सञ्चालक पूर्ण गुरुङले बताए। ‘हेम्जा मेलबोटबाट शुरू हुने माछापुच्छ्रे मोडेल ट्रेक त्यहाँबाट अस्ताम, धिताल, हेम्जाकोट, धम्पुस, अष्ट्रेलिय क्याम्प, पोथना, पितम देउराली, लान्द्रुक, छोम्रोङ हुँदै अन्नपूर्ण आधार शिविरसम्म पुग्दछ’, उनले भने।

शान्त र मनोरम गाउँले परिवेश, गुरुङ मौलिक संस्कृतिसँगै हिमालको मनोरम दृश्यावलोकन हेम्जाकोटको विशेषता रहेको माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङ बताउछन्। पछिल्लो समयमा हेम्जाकोटमा विभिन्न म्युजिक भिडियो तथा चलचित्र छायाङ्कन गर्ने स्थलका रुपमा पनि रोजाइमा पर्ने गरेको छ। रासस

# पाँच वर्षमा छ पटक ठेक्का म्याद थपपछि कालोपत्र हुँदै



**बागलुङ।**
निर्माण व्यवसायीको लापर्वाहीले जीर्ण बनेको यहाँको काठेखोला गाउँपालिका–७ रेश जाने चार किलोमिटर सडक छ पटक ठेक्का म्याद थपेपछि कालोपत्र थालिएको छ।

कोरोना, आर्थिक संकट र भुक्तानी जस्ता समस्या देखाउँदै निर्माण व्यवसायीले सडक कालोपत्र गरेका थिएनन्।

हाल भने धमाधम ‘ग्राभेल’ भइरहेको छ। सङ्घीय सरकार र काठेखोला गाउँपालिकाको साझेदारीमा निर्माण थालिएको सडक कालोपत्रका लागि बिग्रेका पूर्वाधार निर्माण भइरहेका छन्। २०७७ जेठमा दुई वर्षमा सम्पन्न गर्ने गरी जोशी–निशान–आचार्य जेभीसँग रु छ करोड ७१ लाखमा ठेक्का लागेको थियो। सम्झौता अवधिमा काम नहुँदा छ पटक म्याद थपिएको छ।

एक वर्षदेखि फिल्डमा नदेखिएको निर्माण व्यवसायी काममा फर्केपछि कालोपत्रको तयारी थालिएको काठेखोला गाउँपालिकाका इञ्जिनियर विनोद लामिछानेले जानकारी दिनुभयो। पूर्वाधारको काम पहिल्यै सम्पन्न गरेपनि कालोपत्र हुन नसक्दा पूर्वाधारहरु समेत जीर्ण बनेका थिए। सडकको ७० प्रतिशत भौतिक तथा ६५ प्रतिशत आर्थिक प्रगति भएको छ।

इञ्जिनियर लामिछानेले १४ औं खरिद संशोधनलाई आधार मानेर अन्तिम पटक म्याद थप गरेको बताए। यस पटक भने कालोपत्रका लागि उपकरण र कच्चा समाग्रीको समेत जोहो भइसकेको छ। कोराना कहर, भुक्तानीमा समस्या र कच्चा सामग्रीको अभावले काममा ढिला भएको जनाउँदै निर्माण व्यवसायी प्रकाश आचार्यले छिट्टै काम सम्पन्न गरी सडक हस्तान्तरण गर्ने बताए। सडक बरेङ–शान्तिपुर जाने यात्रुले समेत प्रयोग गर्दै आएका छन्।रासस

# नयाँ शहर आयोजनाः २० किमी सडक कालोपत्र

तनहुँ।
नयाँ शहर आयोजना कार्यालय डुम्रे भन्सारले २० किलोमिटर सडक कालोपत्र गरेको छ। कार्यालय स्थापनादेखि हालसम्म नयाँ शहर आयोजनाभित्र २० दशमलब ३ किलोमिटर सडक कालोपत्र सम्पन्न भएको हो।

कार्यालयले ३४ दशमलब ७८ किलोमिटर सडक ग्राभेल, २ दशमलब ७४ किलोमिटर ढलान, ४६ दशमलब ०२ किलोमिटर नाला निर्माण गरेको कार्यालय प्रमुख शान्ति शर्माले जानकारी दिए।

आन्तरिक बसाइसराइलाई व्यवस्थित गर्न मध्यमहाडी लोकमार्गको वरिपरी दश नयाँ शहर स्थापना गर्ने सरकारको नीतिअनुरुप विसं २०९० सम्ममा व्यवस्थित बस्तीसहितको पूर्वाधार तयार गर्न तनहुँमा साविकको भानु गाविस–१, २, ३, ४ र साविकको बन्दीपुर गाविस–१, २, ३ र ४ समेटी आर्थिक वर्ष २०७२–७३ बाट नयाँ शहर आयोजना डुम्रे भन्सारको शुरूवात भएको हो।

शर्माका अनुसार गत आर्थिक वर्षमा १ दशमलब ५ किलोमिटर ढलान र १ दशमलब ४ किलोमिटर नाला निर्माण गरिएको छ। सडक ग्राभेल र सडक कालोपत्रको काम आर्थिक वर्षमा नभएको उनले बताए।

आर्थिक वर्ष २०८०–८१ मा ० दशमलब ७८ किलोमिटर सडक ग्राभेल, १ दशमलब २४ किलोमिटर ढलान, १ दशमलब ६ किलोमिटर कालोपत्र र ३ दशमलब ६२ किलोमिटर नाला निर्माण भएको जनाइएको छ।
रासस

# तल्लो हेवा खोला जलविद्युतको ऋण सम्झौता

**काठमाडौँ।**
तल्लो हेवाखोला जलविद्युत् आयोजनाका लागि लगानी जुटेको छ। पाँच खपन जलविद्युत् प्रालिले निर्माण गर्न लागेको छ दशमलव ८४ मेगावाट क्षमताको सो आयोजनामा दुई वाणिज्य बैंकले ९८ करोड १७ लाख रुपैयाँ बराबरको ऋण लगानी गर्ने भएका हुन्।

सो आयोजानमा सिद्धार्थ बैंकले ५० करोड रुपैयाँ र राष्ट्रिय वाणिज्य बैंकले ४८ करोड १७ लाख रुपैयाँ बराबरको ऋण लगानी गर्ने भएका हुन्। आयोजना कूल लगानीको ७० प्रतिशत ऋण र ३० प्रतिशत प्रवद्र्धकले लगानी गर्ने छन्। आयोजनाको कूल लागत एक अर्ब ४० करोड २५ लाख रुपैयाँ बराबर रहेको छ।

कम्पनीका अध्यक्ष वसन्तकुमार तामाङका अनुसार आयोजनाबाट वार्षिक ४० दशमलव ८२ गिगावाट घण्टा ऊर्जा उत्पादन हुनेछ।

आयोजनाबाट उत्पादित बिजुली ३३ केभी क्षमताको तीन दशमलव आठ किलोमिटर लामो प्रसारण लाइनमार्फत केन्द्रीय प्रणालीमा जोडिनेछ। पाँचथर जिल्लामा आयोजना स्थल रहेको परियोजनाको हाल निर्माण शुरू भइसकेको र निर्धारित समयमा पूरा हुने प्रवद्र्धक कम्पनीले जनाएको छ।रासस

# मधेशको राजनीतिबारे को के भन्छन् ?

*सोमबार बिहान मधेश प्रदेश प्रमुख सुमित्रा भण्डारीले बिरामी भएर काठमाडौँमा उपचार गर्न जाने बहानामा कामचलाउ मुख्यमन्त्री जितेन्द्र सोनलसँग बिदा लिइन् । लगत्तै उनी महोत्तरी र सिन्धुलीको सीमा छेउको एउटा होटलमा पुगेर नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्रीको नियुक्ति दिएर सम्पर्कविहीन छिन् । उनले यादवलाई नेपालको संविधानको धारा १६८ (३) अनुसार नियुक्ति दिएकी हुन् । केही मन्त्री पनि विनाविभागीय शपथ भएका छन् । यसपछि सामाजिक सञ्जालमा देखिएको तरंग र जनभावना समेटेका छौँ ।*

## होटलमा प्रदेशको अस्मिता समाप्त



मधेश प्रदेशको जनतासँग धोका भयो।
स्वास्थ्य उपचारका नाममा निस्केकी मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सिन्धुली र महोत्तरीको सिमानाको एउटा होटेलमा प्रदेशको अस्मितालाई समाप्त पार्ने खेल गरिन् । एक त महिला अर्को स्वास्थ्यको, कुरा गरिनँ।

**–जितेन्द्र सोनल**
**निवर्तमान मुख्यमन्त्री, मधेश**

## स्वायत्त मधेश बनाऔँ



मधेश प्रदेश सभाको बैठकबाट मधेश 'प्रदेशको स्वाययत्ता घोषणा गरौँ, आफ्नै प्रदेश प्रहरी र प्रशासनसहितको सरकार गठन गरौँ। डराएर सदियौँ नेपाली शासकको गुलामी गर्यौँ, अब खुलेर बोलौँ । संविधानलाई धज्जी उडाउँदै नेपाली औपनिवेशक शासकले खटाएका प्रदेश प्रमुख, सभामुख, निर्वाचन आयोग र उनीहरूको अदालतले जे पनि गर्न मिल्छ, मधेशका पार्टीलाई छिन्नभिन्न पार्ने, पानस कटेजमा गएर शपथग्रहण गराउने, मधेश पक्षधर नेता, कार्यकर्ता र समर्थकमाथि प्रतिशोध साँध्दै दमन गर्ने काम गर्छ भने हामीले मधेश प्रदेश सभाको बैठक सडकमा नै डाकेर भए पनि मधेश प्रदेशलाई स्वायत्त घोषणा गरौँ। अहिलेको संघीय सरकार नै कुन संविधान अनुसार बनेको छ र ? आन्दोलनको मागबमोजिम बनेको छ । त्यसैले हामीले पनि मधेशी जनताको चाहनाबमोजिम मधेश प्रदेश सभाको दुई तिहाईको सभासदको समर्थनमा मधेशलाई स्वायत्त घोषणा गर्न पक्कै मिल्छ।
५४% जनसंख्या भएको मधेश मुठ्ठिभर नेपाली शासकको जागिर होइन, उनीहरूले भीखजस्तो दिने, अनि हामीले लिइराख्ने। उनीहरूले चलखेल गरिराख्ने, हामीले टुलुटुलु हेरिराख्ने।
मधेश हाम्रो हो र यहाँ हाम्रो आफ्नै शासन हुनैपर्छ । सिंहदरबारबाट पठाइएका प्रदेश प्रमुख, सभामुख, निर्वाचन आयुक्त, अख्तियार, प्रहरी, सचिवसहितका कर्मचारी लगाएर ५४% जनसंख्या भएको मधेशलाई एक हुन नदिने, छिन्नभिन्न गरिराख्ने, दमन गरिराख्ने र सधैँ गुलाम बनाइराख्ने षड्यन्त्रविरुद्ध पूर्ण स्वायत्तताको आन्दोलनको उद्घोष जरूरी छ । नेपाली औपनिवेशिक शासनको अन्त्य गर्ने सही मौका यही हो। जय स्वराज।

**डा. सिके राउत**
**अध्यक्ष, जनमत पार्टी**

## संविधान खारेज गरौँ



मधेशमा मुख्यमन्त्रीको गोप्य नियुक्तिले फेरि एकपटक पुष्टि भयो कि वर्तमान संवैधानिक व्यवस्था असफल मात्र हैन अनैतिक, राजनीतिक एवम् लुट–भ्रष्टाचारको ओढार हो।
समस्याको मुख्य जडको रूपमा रहेको गलत संवैधानिक प्रावधानलाई छोडेर एक अर्कालाई मात्र दोषारोपण गर्नु फेरि अर्को बेइमानी हुनेछ । यसर्थ गलत संवैधानिक व्यवस्थाको विरोध गरौँ, नक्कली संविधान निर्माताहरूलाई दण्डित गरौँ । मेरो देशवासीसँग विनम्र आग्रह छ, वर्तमान लुटकारी व्यवस्थामाथि पुनर्विचार गर्नुस् । खासगरी संविधान निर्माताहरूलाई भन्न चाहन्छु, तपाईंहरूले आफ्नो गल्ती स्वीकार्नुस् र आत्मलोचित भई समयमै संविधान खारेजीको पक्षमा आउनुस् । यसैमा सबैको भलाइ छ।

**प्रभु साह**
**अध्यक्ष, आमजनता पार्टी**

## पहिले आफैँमाथि कारबाही



आआफनो सत्ता र स्वार्थको नशामा निर्दोष कर्मचारी र राष्ट्रसेवक प्रहरीमाथि हातपात गर्नु वीरता होइन । यो कायरताको सबैभन्दा ठूलो उदाहरण हो । फेरि भन्छुः पहिले आफैँमाथि कारबाही गर्नुहोस्।

**–रहबर अन्सारी,**
**मधेश प्रदेश सभा सदस्य**


## राष्ट्रिय झण्डा फालियो



नेपाली कांग्रेसबाट चुनाव जितेर मधेश प्रदेश सरकारमा पटकपटक मन्त्री भइसकेका वीरेन्द्र कुमार सिंहले मुख्यमन्त्री कार्यकक्षभित्र प्रवेश गरी तोडफोड गर्ने क्रममा राष्ट्रिय झण्डा कार्यकक्षबाट निकालेर फ्याँकेर देशकै अपमान गरेका छन्। आखिर देशभन्दा प्यारो यिनलाई सत्ता नै रहेछ।

**–अशोक पहाडी,**
**अध्यक्ष, प्रेस चौतारी नेपाल,**
**रौतहट**

## प्रदेश प्रमुख फिता गरौँ



मधेश प्रदेश संघीयता जड हो तर ओलीहरुद्वारा नियुक्त त्यहाँ रहेकी प्रदेश प्रमुखले प्रदेशको जरा काट्ने प्रयास गरेकी छन्। कानूनको धज्जी उडाएकी छन् । 'बिरामी छु, उपचार गर्न काठमाडौँ जाँदैछु' भन्दै सिन्धुली सीमाको एक होटेलमा मुख्यमन्त्री नियुक्त गरेकी छन्। छया, नौटंकीको नि हद हुन्छ नि ! संघीय सरकारले सबै प्रदेश प्रमुखहरूलाई फिर्ता बोलाउनुपर्छ।

**–वीरेन्द्र केएम, पत्रकार**

## रहबर र माला जवाफदेही



अब प्रदेश सभा विघटन हुन्छ । नेकपा एमालेले मधेशबाट अर्को किसिमको अनिश्चित र अगिर्णितबाटोको सुरुवात गर्नेछ । सम्भवतः इतिहासकै कलंकित र संघीयताप्रतिको ठूलो प्रहार हुनेछ । अर्को यदि यो खेलमा कांग्रेस पनि सहभागी छ भने उनी फेरि सति नगइ प्रतिष्ठा जोगाओस् । जवाफ माओवादीका शीर्ष नेतालगायत रहबर अन्सारी र माला कर्णले समेत दिनुपर्छ।

**–शिव अधिकारी यदुवंशी**
**पत्रकार**

## घैँटोमा घाम लागेन



थुइक्क नेताज्युहरू, यत्रो घटनाक्रम हुँदा पनि 'घैँटोमा घाम नलागेको' देख्दा अच्चम लाग्छ। 'विनाशकाले विपरित बुद्धि।'

**–राजेशमान सिंह**
**नेता, जसपा, (मेयर, वीरगंज)**

## प्रदेश राजधानी बर्दिबास ?



मधेश प्रदेशको नयाँ राजधानी बर्दिबास। होटल पानस कटेज प्रदेश प्रमुखको मुख्यालय । अब शासन बर्दिबासबाटै चल्ने भयो।

**–श्यामसुन्दर शशी**
**अग्रज पत्रकार**

## गुन्डु धाउने कमजोरी



मधेश प्रदेशलाई यो अवस्थामा पुर्याउन जति भूमिका केपी ओलीको छ, त्यति नै भूमिका सत्ताको लागि गुन्डु धाउने एउटा मधेशी दलको पनि छ।

**डा. शरद सिंह यादव**
**नेता, जनस्वराज पार्टी**

## को कम, को बढी मात्तै



प्रदेश सरकार ढल्ने–बन्ने कुरामा मैले आमजनतामा कुनै उत्साह वा निराशा देख्दिनँ।
पछिल्लो घटनाक्रममा विगतमा मधेश सरकार–सांसदबाट लाभ लिने (ठेक्कापट्टा गर्ने ठिकेदार, उपभोक्ता समिति कार्यकर्ता, बिचौलिया, सचिवालयमा जागिर खाने आफन्त कार्यकर्ता)को मात्र चासो, चिन्ता र उत्साह देखिरहेको छु।
सरकार गठन, शपथ, विश्वासको मत र आन्दोलनमा यस्तै अनुहार प्रायः देखिन्छन् । जनता सामाजिक सञ्जाल–समाचार हेरेर टिकाटिप्पणी गरिरहेका छन् । किनभने सबै दलको परीक्षण सरकारमा सहभागी भएर भइसकेका छन्। उनीहरुको विगतको व्यवहार, कार्यशैली र चरित्रले अलि कम बढी सबै उस्तै हो भन्ने आम जनतालाई लागेको छ।

**–शैलेन्द्र क्रान्ति**
**महासचिव, नेपाल पत्रकार**
**महासंघ, मधेश**

## मधेशमाथि धोका



मधेश प्रदेशमा विगत २ दिनदेखि जेजस्ता राजनीतिक गतिविधिहरु भएका छन्, ती सबै दुर्भाग्यपूर्ण छन्। त्यहाँ रचिएका षड्यन्त्र र खेलिएका खेलहरु केबल जनकपुर वा मधेश प्रदेशमा मात्र सीमित रहने प्रकृतिका छैनन् । ती कार्यहरुले नेपालको लोकतन्त्र, संघीयता, संसदीय प्रणाली एवम् सामाजिक सदभावमा गम्भीर एवम् दूरगामी प्रभाव पार्ने निश्चित छ। शनिबारको प्रदेश सभा बैठकमा दुईजना सभासदहरुबाट गरिएको अस्वाभाविक तर रहस्यपूर्ण हर्कतले नै आइतबारको बर्दिबास नाटकको पृष्ठभूमि तयार पारेको थियो । यी दुवै घटना सुनियोजितरुपमा एकै ठाउँमा एकै दिमागबाट रचिएको प्रष्ट छ । यो समग्र एपिसोड मधेशी राजनीति र मधेशीलगायतका सिमान्तकृत समुदायहरुप्रतिको दुराग्रहपूर्ण सोच राखेर रचिएका राजनीतिक षड्यन्त्रहरु हुन्। यसको राजनीतिक प्रतिरोध हुनुपर्छ । कानूनी उपचारका नाममा राजनीतिक प्रतिरोधलाई रोकिए थप दुर्भाग्यपूर्ण समयको सामना गर्नुपर्ने हुनसक्छ । मधेश प्रदेश प्रमुखले हिजो जसरी षड्यन्त्रपूर्ण तरिकाबाट मुख्यमन्त्रीको शपथ गराउनुभएको छ, त्यसको म घोर भत्र्सना गर्दछु । वर्तमान संघीय सरकारलाई उहाँलाई तत्काल बर्खास्त गरी थप षड्यन्त्रको तानाबाना बुन्ने कार्य रोकेर मधेशको राजनीतिक वातावरणलाई सहज बनाउने कार्य गर्नुहुन अनुरोध छ।

**–तुलानारायण साह**
**अभियन्ता**

## सभामुखलाई महाअभियोग लगाऔँ



झुठ, फरेब, धोकाधढी गरेरै सत्ता सञ्चालन गरेका राज्यधारीहरुले फेरि एकपटक मधेश प्रदेशमा संविधानको घोर उल्लंघन र लोकतान्त्रिक मूल्यमान्यताको धज्जी उडाएका छन्। दुईवटा काम सँगसँगै गरौँ, पहिलो सभामुखमाथि महाअभियोग लगाऔँ र सर्वदलीय डेलिगेसन राष्ट्रपति कहाँ पुगेर प्रदेश प्रमुख हटाउन लगाऔँ। साथै सबै मिलेर एमालेविहीन मधेश प्रदेशको संकल्प लिउँ। विधि प्रक्रिया नमान्ने पार्टी चाहिदैँन।

**–केशव झा**
**महासचिव, राष्ट्रिय मुक्ति पार्टी**
**नेपाल**

## फिर्ता नभए कारबाही



मधेश प्रदेश सरकारमा राप्रपाको सहभागिताप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यो अनुशासनको गम्भीर उल्लंघन हो। राप्रपाका सदस्यलाई तत्काल सरकारबाट फिर्ता हुन निर्देशन छ। अन्यथा विधानबमोजिम कारबाही हुने जानकारी गराउँछु।

**–राजेन्द्र लिङ्देन**
**अध्यक्ष, राप्रपा**

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन